का.जि.प्र.का.द.नं. १००/०५९/६०
१२ माघ २०८१,
शनिबार
25 January, 2025
Saturday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

इपेपर हेर्न

वर्ष २२, अंक ३३७ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

## अर्को ब्रेक थ्रु



***ब्रेक थ्रू*** *: सिद्धार्थ राजमार्ग अन्तर्गत बुटवल-पाल्पा खण्डमा निर्माणाधीन सिद्धबाबा सुरुङमार्गको मुख्य टनेलको ब्रेक थ्रु भएको छ ।*

पाल्पाको तिनाउ गाउँपालिका-३ दोभान नजिकै आयोजनाको बेस क्याम्पमा प्रधानमन्त्री केपी शर्मा ओलीले भर्चुअल माध्यमबाट सम्बोधन गरेपछि 'ब्रेक थ्रु' भएको हो ।

दक्षिणतर्फ सिद्धबाबा मन्दिर र उत्तरतर्फ तिनाउ जलविद्युत आयोजनाको हेडबक्सतिरबाट खनिँदै आएको सुरुङ छिचोलिएको छ । ७ अर्ब ३४ करोड २१ लाख रूपैयाँको लागतमा चाइना स्टेट कन्स्ट्रक्सन इन्जिनियरिङ कर्पोरेसनले सुरुङमार्ग निर्माणको काम गरिरहेको छ । सिद्धबाबा सुरुङ मार्ग आयोजना २०७८ सालमै सुरु भएको हो । सुरुङ मार्ग २२ मार्च २०२७ मा सक्नुपर्ने छ ।

## सम्पत्ति शुद्धीकरण
# जोखिमको सम्भावना कायमै

सम्पत्ति शुद्धीकरण निवारण मामिला सम्बन्धी कानुन निर्माण भए पनि कार्यान्वयनका अरू मापदण्डमा सुधार नभएको रिर्पोटिङ्का कारण नेपाल ग्रे लिस्टमा पर्ने जोखिम अझै छ ।

**जानकी पाठक/मध्यान्ह**
काठमाडौं, ११ माघ ।

नेपाल सम्पत्ति शुद्धीकरणको जोखिमपूर्ण मुलुकको सूची (ग्रे लिस्ट) मा पर्ने खतरा बढेको छ । महान्यायाधीवक्ता रमेश बडालका अनुसार ग्रे लिस्टमा पर्नबाट जोगाउन विभिन्न प्रयासहरु गरिएका छन् ।

गतवर्ष नै प्रचलित केही कानून संशोधन भएपछि सम्पत्ति शुद्धीकरणको अनुसन्धानको दायरा फराकिलो भएको थियो ।

विभिन्न ३९ वटा कसुरहरुबाट सम्पत्ति जोडेको भेटिए सम्पत्ति शुद्धीकरणको कसुर आकर्षित हुने र प्रहरीले अनुसन्धान गर्न पाउने व्यवस्था थपिएको छ ।

उनी भन्छन्, 'कसुरबाट धन कमाएको देखिएमा मुद्दा चल्छ । त्यसमा पनि जोखिमपूर्ण क्षेत्रमा मात्रै अनुसन्धान केन्द्रित गर्ने नीति बनेको छ ।' यो कार्यले नेपाललाई सम्पत्ति शुद्धीकरणको ग्रे लिस्टमा पर्ने खतराबाट जोगाउन मद्धत गर्ने उनको विश्वास छ ।



> कसुरबाट धन कमाएको देखिए मुद्दा चल्छ । त्यसमा पनि जोखिमपूर्ण क्षेत्रमा मात्र अनुसन्धान केन्द्रित गर्ने नीति बनेको छ । यी कार्य ग्रे लिस्टमा पर्नबाट जोगाउने प्रयासहरु अन्तर्गत गरिएका हुन् ।
>
> **रमेश बडाल**
> **महान्यायाधीवक्ता**

सरकारले राष्ट्रिय परिचयपत्र प्रणालीलाई विभिन्न सेवासँग आवद्ध गर्न खोजेको छ । त्यसबाट कर छली र अपराधको पहिचानमा सहज हुनेछ । तथापि नेपाल सम्पत्ति शुद्धिकरणका दृष्टिकोणले जोखिमपूर्ण सूचीमा पर्ने त्रास कायमै रहेको छ ।

सम्पत्ति शुद्धीकरण निवारण मामिलासम्बन्धी कानुन निर्माण भए पनि कार्यान्वयन पक्षका अरू मापदण्डमा सुधार नभएको भनेर नेपाल ग्रे लिस्टमा पर्ने जोखिम अझै त्रास रहेको हो ।

सम्पत्ति शुद्धीकरण मामिलामा निगरानी राख्ने अन्तर्राष्ट्रिय संस्था फाइनान्सियल एक्सन टास्क फोर्स (एफएटीएफ) र एसिया प्रशान्त समूह (एपीजी) का प्रतिनिधिले ग्रे लिस्टको जोखिम अझै कायमै रहेको बताएको सरकारी अधिकारीहरू बताउँछन् ।

ग्रे लिस्टबाट जोगिन वित्तीय अपराध निवारणका लागि नेपालले काम गर्नुपर्नेछ । ती मध्ये अधिकांश कानुन पालना, अनुसन्धान, कार्यान्वयनलगायत क्षेत्रसँग सम्बन्धित छन् ।

नेपालले अझै गैरनाफामूलक संस्थाहरूको नियमन तथा मूल्यांकन, नयाँ प्रविधि (क्रिप्टो करेन्सी लगायत डिजिटल मुद्रा), क्यासिनो, घरजग्गा, मानव बेचबिखनलगायतका क्षेत्रमा अन्तर्राष्ट्रिय जगतले तोकिदिएको न्यूनतम काम पूरा गर्नुपर्नेछ ।

सम्पत्ति शुद्धीकरण र वित्तीय अपराध नियन्त्रणका लागि सम्पत्ति शुद्धीकरण मामिलामा एफएटीएफले तोकेका मापदण्डमध्ये नेपालले आधाभन्दा कम मात्र पूरा गरेको बताइन्छ । टेक्निकल कम्प्लायन्स रेटिङका ४० वटा मापदण्ड छन् ।

नेपालले कानुन कार्यान्वयन तथा अनुसन्धान पक्षअन्तर्गत जोखिम नीति र समन्वय, अन्तर्राष्ट्रिय समन्वय, फाइनान्सियल इन्टेलिजेन्स र अनुसन्धान तथा अभियोजनमा मध्यम मूल्यांकन पाएको छ । बाँकी सुपरभिजन, नियन्त्रणका उपाय, कानुनी व्यक्ति र व्यवस्थापन, जफतलगायत मापदण्डमा न्यून मूल्यांकन पाएको प्रतिवेदनले औंल्याएको छ ।

नेपालको स्थलगत मूल्यांकनपछि एपीजीले २०७९ साल माघमा सरकारलाई पारस्परिक मूल्यांकनको प्रारम्भिक पृष्ठ २ मा


## सडक दुर्घटनाबाट बचौं र बचाऔं

- जेब्राक्रसिङ, सडक चिन्ह र ट्राफिक नियमहरूको पालना गरौं,
- मोटरसाइकलमा हेलमेट, कारमा सीट बेल्ट लगाउन नबिर्सौं,
- नियमित सवारी साधनको जाँच गरौं,
- मादकपदार्थ सेवन गरेर सवारी नचलाऔं,
- सवारी साधन चलाउँदा मोवाइल प्रयोग नगरौं,
- ट्राफिक व्यवस्थापनमा सहयोग गरौं,
- बालवालिकालाई सडक नियम सिकाऔं र सुरक्षित स्थानमा हिँड्न प्रेरित गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## देउताको भर पर्दा आमा–शिशुकै मृत्यु



*सुत्केरी गराउन अस्पताल नलगी देउता-धामीको भर पर्दा जुम्लाको तातोपानी गाउँपालिकामा शिशुसँगै सुत्केरीआमाले ज्यान गुमाउनु परेको छ ।*

**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, ११ माघ ।

नेपाली समाजमा अन्धविश्वासको अर्को डरलाग्दो खाडल अझै पुरिन बाँकी रहेको थुप्रै उदाहरण भेट्न सकिन्छ । त्यसको एक उदाहरण हो- जुम्ला तातोपानी गाउँपालिका-१, मा नवजात शिशुसँगै सुत्केरीको मृत्यु प्रकरण ।

३० वर्षीय मुगा शाहीलाई २ माघ साँझ सुत्केरी ब्येथाले च्यापेको थियो । माइती पक्षले यस्तो सूचना थाहा पाएका थिए । मुगाका भाइ धिरेन्द्र डाँगीका अनुसार सुत्केरी ब्येथा लागेको थाहा पाएपछि सहयोग गर्ने जाने तयारी चलिरहेको थियो ।

तर मुगाका श्रीमानले ठीक भइसक्यो भन्ने सूचना पठाए । '९ बजे भिनाजुले (प्रेम शाही) तल्लाका घरका देउता-धामी ल्याएर झारफुक गर्‍यौं, सञ्चो भइसक्यो भनेपछि हामी सुत्यौं' धिरेन्द्रले भने, 'फेरि बिहान ४ बजेतिर भिनाजुले दिदीलाई सञ्चो भएन भनेर खबर गर्नुभयो ।'

सुनार गाउँका मुल धामी (गोगन डाँगी) लिएर आउनु भन्ने सूचना पठाए । सूचना अनुसार बिहान ५ बजे धामी पुग्यो । देउताका धामी पुग्दा सुत्केरी मुगा बेहोस अवस्थामा थिइन् ।

सुनारगाउँ धामी गोगनले अस्पताल लैजान भने । तातोपानी गाउँपालिका-२ का जग रावतका अनुसार देउताको भरमा परेर भोलिपल्ट बेहोस् भएपछि मात्र अस्पताल लगिएको थियो । ३ माघमा बेहोस मुगालाई स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पताल भर्ना गरिएको थियो । तर आईसीयूमा रोखर उपचार थालिएको मुगा बाँच्न सकिनन् ।

बिहीबार विहान ८ बजे मुगाको मृत्यु भयो । स्त्री रोग विशेषज्ञ डा. कविता शाहका अनुसार मुगाको मृत्यु शिशुसँगै भयो । तातोपानी गाउँपालिका-१, की स्वयमसेविका छुम्कली सार्कीले मुगालाई छिटो अस्पताल लैजान भनेको बताइन् ।

उनका अनुसार मुगाको पहिलो सन्तानको पनि मृत्यु भएको थियो । दोस्रो सन्तानकी रुपमा जन्मिकी छोरी ८ वर्षकी छन् । मरेकी शिशु तेस्रो सन्तान हुन् ।

तातोपानी गाउपालिकाका अध्यक्ष नन्दप्रसाद चौलागाईले यो बिषयमा जानकारी नभएको बताए । 'गाउँपालिकामा एम्बुलेन्स छ, तर एक्कासी मृत्युको खबर सुने', उनले भने ।

### वैदेशिक रोजगार विशेष

## पीडितलाई क्षतिपूर्ति दिनेमा उल्लेख्य प्रगति भएको विभागको दाबी

**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ माघ ।

वैदेशिक रोजगार विभागले पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउने विषयमा उल्लेख्य प्रगति हासिल भएको बताएको छ । अघिल्लो आर्थिक वर्षको तुलनामा चालू आर्थिक वर्षको ६ महिनामा उल्लेख्य उपलब्धि हासिल भएको विभागको भनाइ छ ।

शुक्रबार आयोजना गरिएको पत्रकार सम्मेलनमा विभागका महानिर्देशक सूर्यबहादुर खत्रीले अघिल्लो आर्थिक वर्षको ६ महिनामा १० करोडभन्दा बढी क्षतिपूर्ति उपलब्ध गराइएको उल्लेख गर्दै चालू आर्थिक वर्षको सोही अवधि अर्थात् पुस मसान्तसम्ममा पीडित कामदारलाई १४ करोड ९ लाख १८ हजार ६ रुपैयाँ क्षतिपूर्ति उपलब्ध गराइएको बताए ।

प्रतिशतका हिसाबले यो उपलब्धि ७५ प्रतिशतभन्दा बढी रहेको भन्दै महानिर्देशक खत्रीले चालू आर्थिक वर्षको पुस मसान्तसम्ममा वैदेशिक रोजगार ठगीका ३ हजार ४०५ उजुरी परेकोमा १ हजार २३० फछ्र्यौट गराएको बताए । उजुरी परेपछि पनि समस्या समाधान गर्न अटेरी गर्ने म्यानपावर व्यवसायीहरूमाथि कडाइ गरी पीडित कामदारका पक्षमा काम गरेको दाबी गर्दै महानिर्देशक खत्रीले ६ महिनाको अवधिमा ५६ वटा म्यानपावर कम्पनीको कारोबार रोक्का, ५८ वटामा अनुगमन तथा १० वटा तालिम प्रदायक संस्थाको अनुगमन गरिएको जानकारी दिए ।

पुस मसान्तसम्ममा ३ लाख ९३ हजार ६६ जनालाई श्रम स्वीकृति दिइएको, वैदेशिक रोजगारीका क्रममा मृत्यु भएका कामदारका आश्रित परिवारलाई १० लाख रुपैयाँ आर्थिक सहायता, वैदेशिक रोजगारीमा जाने श्रमिकलाई पूर्वप्रस्थान अभिमुखीकरण तालिमका लागि आइरिस रेटिना सिष्टम लागू, ट्रान्जिटमार्फत ४८ हजार ८६५ रुपैयाँमा हवाई टिकट उपलब्ध गराएर रोजगारीका लागि दक्षिण कोरिया जाने कामदारको ७३ हजार बचत गराएकोजस्ता अनेकौं सुधारका काम भएको महानिर्देशक खत्रीले बताए ।

वार्षिक सय जना कामदारलाई समेत वैदेशिक रोजगारीमा नपठाउने म्यानपावर कम्पनीको इजाजत नवीकरण नहुने प्रावधन हटाउन र व्यक्तिगत ठगीलगायतका उजुरीमा पीडितलाई शीघ्र न्याय प्रदान गर्नका लागि जिल्ला प्रहरी कार्यालयमा जाहेरी दरखास्त दिने तथा जिल्ला अदालतमा अभियोजन गर्ने पृष्ठ २ मा

## क्रोएसिया पठाउने भन्दै ठग्ने १ पक्राउ

काठमाडौं/मस- वैदेशिक रोजगारीका लागि क्रोएसिया पठाइदिन्छु भन्दै ठगी गर्ने १ जनालाई प्रहरीले पक्राउ गरेको छ। आकर्षक तलबको प्रलोभनमा पारी क्रोएसिया लैजाने भन्दै लामो समयसम्म झुक्यानमा राखेर सम्पर्कविहीन भएकी लालीमाया दर्लामीलाई प्रहरीले पक्राउ गरेको हो ।

काभ्रेपलान्चोक महाभारतकी दर्लामीले १ जनालाई वैदेशिक रोजगारीका लागि युरोपेली मुलुक क्रोएसिया पठाइदिने भन्दै ५ लाख ७५ हजार रुपैयाँ लिएको प्रहरीले बताएको छ ।


थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल, काठमाडौं पठाइएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुले जनाएको छ ।

### ट्रम्पको आप्रवासन नीति

# साढे ३ हजार नेपाली संशकित



> ट्रम्पको आप्रवासन नीति परम्परागत छ र त्यसकारण कागजपत्रविहीन आप्रवासीहरूलाई असर पर्न सक्छ
>
> **अर्जुनकुमार कार्की**
> **पूर्वराजदूत, अमेरिका**




**निमिष झा/मध्यान्ह**
काठमाडौं, ११ माघ

अमेरिकाको ४७ औं राष्ट्रपतिका रूपमा सपथ लिएका डोनाल्ड ट्रम्पले आप्रवासन नीतिलाई कडाइ गरेपछि त्यहाँ बस्ने हजारौं नेपालीहरू प्रभावित भएका छन् ।

राष्ट्रपतिको रूपमा सपथ लिएसँगै ट्रम्पले सबैभन्दा पहिले आप्रवासनसम्बन्धि आदेशलाई कडाइका साथ नियन्त्रण र नियमन गर्ने घोषणा गरेपछि नेपालसहित विश्वका अधिकांश नागरिकहरू प्रभावित भएका हुन् ।

ट्रम्पले शपथ लिनेबित्तिकै अवैध रूपमा प्रवेश गरेका आप्रवासी फर्काउने आप्रवासनसम्बन्धी नीतिको कार्यकारी आदेशमा हस्ताक्षर गरेका थिए ।

गैरकानुनी रूपमा अमेरिकामा बसोबास गरेका र बसोबास गर्ने कानुनी आधार कमजोर भएर अदालतबाटै फैसला आएकाहरू अमेरिकी राष्ट्रपति ट्रम्पको यस नीतिको पृष्ठ २ मा

### कति नेपाली प्रभावित

यो नीति लागूभएपछि अवैध बाटोबाट अमेरिका पुगेका नेपालीहरू बढी प्रभावित हुने देखिन्छ । अमेरिकाबाट प्रकाशित समाचार पोर्टल नेपयोर्ककाअनुसार ट्रम्पको उक्त नीतिअन्तर्गत करिब ३ हजारभन्दा बढी नेपाली 'डिपोर्ट' हुन सक्नेछन् । जसमा जुन २४, २०१५ पछि अमेरिकामा प्रवेश गरेका पर्दछन् ।

हालसम्म करिब ३ हजार ५ सय नेपालीले अमेरिकी अध्यागमनबाट देश निकालाको आदेश पाएका छन् ।

अध्यागमन तथा भन्सार प्रवर्तन (आईसीई)ले जारी गरेको तथ्यांकअनुसार निष्कासनको अन्तिम आदेश प्राप्त भएपनि हाल १ हजार ३ सय ६५ नेपाली कुनै पनि प्रकारको पृष्ठ २ मा

# बागमती प्रदेश सभा बैठक १८ माघमा बस्ने

**हेटौंडा/मस–** बागमती प्रदेश सभा अधिवेशन १८ माघमा बस्ने भएको छ । शुक्रबार बसेको प्रदेश सरकारको मन्त्रिपरिषद् बैठकले १८ माघ बिहान ११ बजे प्रदेश सभाको १५ औं अधिवेशन बैठक आह्वान गर्न प्रदेश प्रमुखसमक्ष सिफारिस गरेको छ ।

मन्त्रिपरिषद्को सिफारिसअनुसार प्रदेश प्रमुख दीपक प्रसाद देवकोटाले प्रदेश सभा बैठक आह्वान गर्नेछन् । १६ असोज राति १२ बजेदेखि प्रदेशसभाको १४ औं अधिवेशन अन्त्य गरिएको थियो ।




त्यस्तै मन्त्रिपरिषद् बैठकले प्रदेश सरकारी कामकाजी भाषा ऐन कार्यान्वयनको सन्दर्भमा अध्ययन कार्यदलले तयार गरेको प्रतिवेदन ग्रहण गर्ने तथा कार्यान्वयन गर्ने निर्णय गरेको सरकारको प्रवक्ता एवं आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछानेले जानकारी दिए । उनका अनुसार उक्त प्रतिवेदनका आधारमा प्रदेश कामकाजी भाषा ऐन कार्यान्वयनको लागि आवश्यक तयारी तथा व्यवस्थापन गर्न संस्कृति तथा पर्यटन मन्त्रालयलाई निर्देशन दिने निर्णय गरेको छ । उक्त ऐनका व्यवस्था कार्यान्वयन गरी प्रदेश सरकारको मन्त्रालय, आयोग बोर्ड तथा निकायका लेटर हेड, छाप तथा बोर्डहरुमा समावेश गर्न निर्देशन दिएको उनले बताए । बैठकले संस्कृति तथा पर्यटन मन्त्रालयले आवश्यक कार्यविधि तयार गरी कर्मचारी व्यवस्थापन लगायतका काम गर्न निर्देशन दिएको मन्त्री लामिछानेले बताए ।

बैठकले प्रदेश चलचित्र सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेस गर्ने निर्णय गरेको छ भने प्रदेश जग्गा एकीकरण सम्बन्धी विधेयक तर्जुमाका लागि सैद्धान्तिक सहमति दिने निर्णय गरेको छ । बैठकले प्रदेश भवन नीति २०८१ र अपांग भएका व्यक्तिसम्बन्धी प्रादेशिक नीति स्वीकृत गरेको छ ।

# मन्त्री पौडेलद्वारा एचपिभी खोप लगाउन किशोरीलाई अनुरोध

**काठमाडौं/मस–**स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले किशोरीलाई पाठेघरको मुखको क्यान्सरविरुद्धको ‘ ह्युमन पापिलोमा भाइरस’ (एचपिभी) खोप लगाउन अनुरोध गरेका छन् ।

उनले एक भिडियो सन्देश जारी गर्दै नेपालमा पाठेघरको मुखको क्यान्सरसम्बन्धी जोखिम बढ्दै गएको विभिन्न तथ्यांकले देखाएको भन्दै किशोरीलाई खोप लगाउन अनुरोध गरेका हुन् । उनले प्रारम्भिक किशोरावस्थामा एचपिभी खोप लगाएमा पाठेघरको मुखको क्यान्सर हुनबाट बच्न सकिने धारणा राखे ।



उनले भने, ‘सरकारको नीति तथा कार्यक्रममा एचपिभी खोप ल्याउने योजना बनाएअनुरुप खोप ल्याएर देशैभर अभियान सञ्चालन गरिरहेका छौं । यो अभियानअन्तर्गत कक्षा ६ देखि १० सम्मका छात्राहरू र विविध कारणले विद्यालय बाहिर रहेका १० देखि १४ वर्ष उमेरसम्मका सम्पूर्ण किशोरीलाई स्वास्थ्य सेवा विभागमार्फत खोप दिन थालिएको छ ।’

मन्त्री पौडेलले आगामी वर्षदेखि कक्षा ६ का छात्राहरू र विद्यालय बाहिर रहेका १० वर्षका किशोरीलाई नियमित अभियानमार्फत खोप दिइने बताए ।

उनले यस अभियानलाई सफल बनाउन सबैको सहभागिता आवश्यकता पर्ने बताउँदै संघ, प्रदेश र स्थानीय तहमा रहेका स्वास्थ्य तथा शिक्षा क्षेत्रका प्रतिनिधि, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालगायत सम्बन्धित सबैको सहभागिता लागि आह्वान गरे ।

मन्त्री पौडेलद्वारा जारी विज्ञप्तिमा विद्यालय केन्द्रित खोप केन्द्रबाट उपलब्ध गराइने भएकाले लक्षित समूहका किशोरीहरूले आआफ्नो विद्यालय वा नजिकको विद्यालयमा खोप लगाउन अनुरोध गरिएको छ । किशोरीलाई पाठेघरको मुखको क्यान्सरबाट बचाउन यही माघ २२ गतेदेखि आगामी फागुन ६ गतेसम्म देशभरिका कक्षा ६ देखि १० सम्मका १० देखि १४ वर्ष उमेर समूहका १६ लाख ८८ हजार नौ सय किशोरीलाई विद्यालयमा गएर खोप लगाइने मन्त्रालयले जनाएको छ ।

## सम्पत्ति ...

प्रतिवेदन बुझाएको थियो । प्रतिवेदनमा राज्यका निकायहरूको प्रभावहीनता र ठूला वित्तीय अपराधमा राज्यकै संरक्षणका कारण नेपाल नकारात्मक सूचीमा पर्न सक्ने चेतावनी दिइएको थियो । उक्त चेतावनीमा सुधार हुन नसकेकाले फेरि पनि नेपाल फेरि ग्रे लिस्टको खतरा बढेको अधिकारीहरू बताउँछन् ।

## पीडितलाई...

व्यवस्था मिलाउन केही नेपाल ऐन संशोधनका लागि पहल गरिरहेको पनि उनले बताए ।

विभागमा पेस हुने ३ लाख रुपैयाँसम्म बिगो दाबी रहेको जाहेरी दरखास्त र अन्य निवेदनहरू निःशुल्क लेखेर राहत प्रदान गरिएको, विभागमा अवाञ्छनीय व्यक्तिहरूको प्रवेश रोक्न प्रवेशद्वारमा नाम दर्ता तथा प्रवेश पासको व्यवस्था मिलाइएको भन्दै महानिर्देशक खत्रीले भने, ‘बिचौलियाका कारण पीडितहरु अझै मर्कामा परेका थिए, अधिकांश सेवाहरु अनलाइनबाट सुचारु भएपछि बिचौलिया नै देखिन छाडेका छन्, सेवाग्राहीको गुनासो छिटो र सरलरूपमा समाधान गरी वैदेशिक रोजगार प्रशासनलाई प्रभावकारी बनाइएको छ ।’

सुशासनका लागि श्रमाधानसहित हेलो सरकार, सम्पत्ति शुद्धीकरण, साइबर सुरक्षा, ब्यूरोलगायतका लागि फोकल पर्सन तोकिएको पनि महानिर्देशक खत्रीले बताए । विभागले प्रयोगमा ल्याएको वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेमिस)मा सुधार गरी फेसलेस, क्यासलेस र पेपर लेस भन्ने मान्यताअनुसार जाहेरी दरखास्त बाहेकका सम्पूर्ण सेवाहरू अनलाइन प्रणालीबाट मात्र प्रवाह गर्ने लक्ष्य रहेको उनले बताए ।

महानिर्देशक खत्रीले व्यक्तिगत तथा संस्थागतरूपमा परेका पुराना उजुरी फछ्र्यौट र चालू अवस्थाका करिब ११ हजार फाइलहरू स्क्यान गरी विद्युतीय प्रणालीमा आबद्ध गरिएको पनि जानकारी दिए । विभागका निर्देशक तथा सूचना अधिकारी गुरूदत्त सुवेदीले विभागका काममा प्रविधिको उपयोग बढाउँदै लगेर आधुनिक र पारदर्शी सार्वजनिक कार्यालयको नमुना बनाउने योजनाअनुसार काम भइरहेको बताए ।

## ट्रम्पको ...

मारमा पर्ने भएका हुन् । ट्रम्पले कार्यकारी आदेश जारी गर्दै अवैध आप्रवासनमाथि कडाइ गर्नु र लाखौं आप्रवासीलाई देश निकाला गर्ने आफ्नो लक्ष्यलाई तीव्रता दिन निर्देशन दिएका छन् ।

ट्रम्पको आप्रवासी नीति उनको व्यक्तिगत लाइन मात्र होइन । अमेरिकामा राष्ट्रपतिको चुनावमा हिलारी क्लिन्टनको हार र ट्रम्पको जितमा आप्रवसन नीति पनि एउटा मुख्य कारण थियो । क्लिन्टनको आप्रवासन नीति अपेक्षाकृत उदार थियो भने ट्रम्पको कडा र अनुदार छ ।

अमेरिकामा ठूलो संख्यामा आप्रवासी छन् । त्यहाँ अवैध रूपले बसेका आप्रवासीको संख्या १ करोड छन् । ट्रम्प राष्ट्रपति निर्वाचित भएपछि तुरुन्तै ३० लाख आप्रवासीलाई हटाउने घोषणा गरेका छन् । पछि अरूलाई पनि हटाउँदै जाने र नयाँ भिसा नीति पनि कडा बनाउने उनको योजना छ ।

नेपालीसहित विभिन्न देशका आप्रवासीहरूले मध्य र दक्षिण अमेरिकाको खतरनाक मार्ग हुँदै अमेरिका पुगेका विवरणहरू बेलाबेला आउने गर्छन् । अघिल्लो कार्यकालमा ट्रम्पले अवैध आप्रवासन रोक्न मेक्सिको-अमेरिका सीमामा पर्खाल बनाउने घोषणा गरेका थिए ।

ट्रम्पले अघि सारेका आप्रवासनलगायतका मुद्दाले अमेरिकामा ठुलो संख्यमा रहेका नेपाली कामदार र विद्याथीहरू प्रत्यक्ष प्रभावित हुने देखिन्छ । विद्यार्थीका रूपमा अमेरिका पुगेर स्थायी बसोबासको तयारी गरिरहेकाहरू, भिजिटलगायतका भिसामा अमेरिका पुगेर बसिरहेकाहरू तथा अवैध बाटोबाट अमेरिका पुगेकाहरू प्रभावित हुने निश्चित छ । अमेरिकामा अध्ययनरत विद्यार्थी तथा दक्ष कामदारहरूमाझ डर र अनिश्चितता फैलिएको छ । अमेरिकामा शैक्षिक सत्र २०२३/०२४ अन्तर्गत ११ लाखभन्दा बढी अन्तर्राष्ट्रिय विद्यार्थीहरू अध्ययनरत छन् ।

## कति...

सुरक्षाबिना अमेरिकामा बसोबास गरिरहेका छन् । तिनीहरूसँग अस्थायी संरक्षित स्थिति (टीपीएस) वा अन्य कुनै कानूनी सुरक्षा नभएकोले आईसीईले उनीहरूलाई हिरासतमा राखेमा तुरुन्तै निर्वासनको सामना गर्नुपर्नेछ । यस्तै केही भने स्वेच्छाले देशबाट बाहिरिसकेका छन् ।

पछिल्लो ४ वर्षमा अमेरिकाबाट १०३ नेपालीलाई फर्काइएको छ । जसमा सन् २०२१ मा ३८, २०२२, २०२३ र २०२४ मा क्रमशः २४, २५ र १६ जना छन् ।

सन् २०२४ को डिसेम्बरमा इन्स्टिटट्यूट फर इन्टिग्रेटेड डिभेलप्मन्ट स्टडिजले प्रकाशित गरेको अध्ययनले अमेरिकामा प्रवासी नेपालीको जनसंख्या १ लाख ८५ हजारदेखि २ लाख १५ हजार रहेको अनुमान गरेको छ । अमेरिकामा रहेका प्रवासी नेपालीमध्ये ३४.७ प्रतिशत प्रविधि क्षेत्रमा कार्यरत छन् ।

त्यसबाहेक उल्लेख्य संख्यामा नेपालीहरू अवैध मार्ग हुँदै अमेरिका प्रवेश गर्ने गरेका छन् ।

अमेरिकी विदेश मन्त्रालयको एउटा आंकडाले एशियाली देशहरूमध्ये अमेरिकी डाइभर्सिटी भिसा (डीभी) चिट्ठा भर्न सबैभन्दा आकर्षण देखिएका देशहरूमा नेपाल दोस्रो स्थानमा छ ।

अमेरिकाका लागि नेपाली पूर्वराजदूत अर्जुनकुमार कार्की ट्रम्पको आप्रवासन नीति परम्परागत रहेको र त्यसकारण कागजपत्रविहीन आप्रवासीहरूलाई असर पर्न सक्ने बताउँछन् ।

२०७२ साल वैशाखको विनाशकारी भूकम्पपछि नेपालका झन्डै १५ हजार जनालाई अमेरिकाले अस्थायी संरक्षित हैसियत (टीपीएस) सुविधाअन्तर्गत त्यहाँ तत्कालका लागि बस्न अनुमति दिएको थियो । ट्रम्पको अघिल्लो कार्यकालमा जुन २०१९बाट नेपालसहितका देशलाई दिइएको उक्त सुविधा रद्द गर्ने भनिए पनि अदालतले सो आदेशको कार्यान्वयन रोकिदिएको थियो ।

सन् २०२३ मा तत्कालीन राष्ट्रपति जो बाइडन प्रशासनले ‘टीपीएस’को हैसियत सन् २०२५ को मध्यसम्म दिने निर्णय लिएको थियो । त्यसबारे ट्रम्प प्रशासनले आगामी दिनमा लिने नीतिले हजारौं नेपालीलाई पनि प्रभावित पर्ने ठानिएको छ ।

नेपालबाट बर्षेनी २ हजारबढी स्थलमार्ग हुँदै गैर कानुनी रूपमा अमेरिका प्रवेश गर्ने गरेको पाइएकोमा ट्रम्पको आप्रवासन सम्बन्धि अबको कडा नियमले यो बन्द हुनेछ । नेपालको नक्कली राहदानीको प्रयोग गरेर अन्य देशका मानिसहरू पनि अवैध तरिकाले अमेरिका प्रवेश गर्ने गरेको पाइएको छ । त्यसैले गैरकानुनी रूपमा कति नेपाली वार्षिक रूपमा अमेरिका प्रवेश गर्छन् र अब अबैध रूपमा प्रवेश गरेर बसिरहेका नेपालीहरूलाई अमेरिकाले कसरी फिर्ता पठाउदै छ भन्ने सबैको चासोको विषय बनेको छ ।

अमेरिकाले ‘एच-१बी’ भिसामार्फत हरेक वर्ष करिब ८५ हजार जनालाई आप्रवासन अनुमति दिने गरेको छ । ट्रम्पले आफ्नो पहिलो कार्यकालमा ‘ एच-१बी’ भिसामा प्रतिबन्ध लगाएका थिए ।

ट्रम्पले सबैखाले वर्ग, उच्च दक्ष जनशक्तिहरूलाई रोजगार दिने ‘विविधता, समानता र समावेशीकरण (डीईआई) नीति खारेज गर्न ठूला प्रविधि कम्पनीहरूलाई दबाब दिइरहेका छन् । मेटा, वालमार्ट र अमेजनलगायतका प्रमुख कम्पनीहरूले यो नीति खारेज गरिसकेको जनाइएको छ ।

### भारत पनि प्रभावित

ट्रम्पले आप्रवासनसम्बन्धि नीति लागू गरेपछि भारतले अमेरिकामा अवैध रूपमा बसोबास गर्दै आएका आफ्ना नागरिकलाई फिर्ता गर्ने बताएको छ ।

भारतले अमेरिकामा अवैध रूपमा बसिरहेका १८ हजार आफ्ना नागरिकलाई फिर्ता लिन भारत तयार रहेको भारतका विदेशमन्त्री एस जयशंकरले बताएका हुन् ।

भारतले कागजातविहीन भारतीयहरूलाई फिर्ता लिन तयार रहेको र अमेरिकामा रहेका आफ्ना नागरिकलाई भारतमा निर्वासित गर्न सकिनेहरूको प्रमाणीकरण गर्ने प्रक्रियामा रहेको जनाएको छ ।

भारत विश्वको पाँचौं ठूलो अर्थतन्त्र हो र यसले विश्वको कुल गार्हस्थ्य उत्पादन (जीडीपी) वृद्धिको आनन्द उठाइरहेको छ तर लाखौं भारतीय अझै पनि राम्रो अवसरको खोजीमा हरेक वर्ष बिदेसिने गरेका छन् । यसको डायस्पोरा विश्वभरि फैलिएको छ भने अमेरिका छनोटको प्रमुख गन्तव्य बनेको छ ।

पछिल्लो अमेरिकी जनगणनाअनुसार सन् २०२० को दशकमा भारतीय मूलका अमेरिकीको जनसंख्या ५० प्रतिशतले बढेर ४८ लाख पुगेको छ भने सन् २०२२ मा विदेशमा अध्ययनरत करिब १३ लाख भारतीय विद्यार्थीमध्ये एक तिहाइभन्दा बढी अमेरिकामा थिए ।

# विद्यार्थीलाई पोसाक वितरण



**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, ११ माघ

रौतहट फतुवा विजयपुर नगरपालिका वडा नं. ३ मेवामा रहेको यमुना कौशल्या स्मृति आधारभूत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई स्कुल पोसाक वितरण गरिएको छ । शुक्रबार एक कार्यक्रमकाबीच विद्यालयमा अध्ययनरत १ सय ४० जना विद्यार्थीलाई पोसाक वितरण गरिएको हो ।

पूर्ववडाध्यक्ष दिपलाल साह र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष पुरुषोत्तम मिश्रले स्कुल पोसाक वितरण गरेका थिए । स्कुल पोसाक पनि शैक्षिक सुधारको एक अंश भएको र यस विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई शिक्षामा टेवा पुगोस् भन्ने उद्देश्यले पोसाक वितरण गरिएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मिश्रले बताए । विद्यार्थीहरुलाई नियमित विद्यालयमा आउन स्कुल पोसाकको खाँचो रहदै आएकोमा नगरपालिकाले पोसाक वितरण गर्दा विद्यार्थीहरु खुसी भएको प्र.अ रामप्रवेश साहले जानकारी दिए ।

# ज्येष्ठ नागरिकलाई रेडियो र टर्च लाइट

**सरु भुसाल/मध्यान्ह**
अर्घाखाँची, ११ माघ

मालारानी गाउँपालिकाले घरघरमै पुगेर ज्येष्ठ नागरिकलाई रेडियो र टर्च लाइट वितरण गरेको छ ।

जेष्ठ नागरिकहरुले घरमै बसेर देशविदेश र जिल्लाका कुना काप्चाका समाचार, सूचना सुन्ने र मनोरञ्जनका लागि सहज होस् भनेर गाउँपालिकाले रेडियो र टर्च लाइट वितरण गरेको हो ।



गाउँपालिका अध्यक्ष दलबहादुर भट्टराईले गाउँपालिकाले चालु आर्थिक २०८१/०८२ को वार्षिक स्वीकृति कार्यक्रममा समावेश गरी रेडियो र टर्च लाइट वितरण गरिरहेको बताए ।

गाउँपालिका उपाध्यक्ष दिपा पोखेलले गाउँपालिकाको कार्यक्रमहरु तथा जेष्ठ नागरिक विपन्न परिवारलाई यस वर्षदेखि सूचनाको पहुँच आम नागरिकको घर-घरमा पु¥याउने उद्देश्यले बजेट विनियोजन गरेर रेडियो वितरण कार्यक्रम राखिएको बताइन् ।

गाउँपालिकाले हालसम्म एक सय ६० जनालाई रेडियो र लाइट वितरण गरेको छ ।

गाउँपालिकाले एक हजार ५ सय रेडियो वितरण गर्ने लक्ष्य राखेको छ । पालिकाले ७० वर्षमाथिका ज्येष्ठ नागरिकलाई रेडियो वितरण सुरु गरेको हो । गाउँका धेरैजसो घरमा पछिल्लो समय ज्येष्ठ नागरिक एक्लिँदै गएको पनि उपाध्यक्ष पोखेलले बताइन् । ‘ज्येष्ठ नागरिकलाई सुरक्षा भत्ता दिएर मात्र हुँदैन, उनीहरूका चाहना र आवश्यकता पनि बुझ्नुपर्छ’, उनले भनिन्, ‘भत्ताले मात्रै सबैका सबैखाले आवश्यकता पूरा हुँदैनन् ।’

# हर्क साम्पाङले नाटक गरे : मन्त्री यादव

**काठमाडौं/मस–** खानेपानी मन्त्री प्रदीप यादवले धरान उपमहानगरपालिकाका मेयर हर्कराज राई (हर्क साम्पाङ)ले खानेपानी समस्याका विषयमा नाटक गरेको आरोप लगाएका छन् ।



मन्त्रालयमा शुक्रबार आयोजित पत्रकार सम्मेलनमा मन्त्री यादवले त्यसरी नाटक गरेर खानेपानीको समस्या समाधान नहुने बताए ।

‘धरानका जनतालाई आफैँ पानी खुवाउँछु भन्दै मेयर साम्पाङले बहादुरी देखाएर खानेपानी संस्थानलाई ध्वस्त पार्ने काम गर्नुभएको छ,’ मन्त्री यादवले भने, ‘यस्ता नाटक गर्नुभन्दा गम्भीर भएर काममा लाग्नु जरुरी छ ।’

मन्त्री यादवले धरानको जनतालाई पानी दिने दायित्व सरकारको भएको पनि बताए । यस विषयमा संघीय सरकारले काम अघि बढाउन लागेको पनि उनले बताए ।

केही दिनअघि धरानको खानेपानी आयोजना निर्माणका लागि बजेट माग्दै मेयर साम्पाङ थोत्रो गाग्री बोकेर काठमाडौं आएका थिए । सोही गाग्री बोकेर उनी मन्त्री यादवसँग भेट्न सिंहदरबार प्रस्थान जान खोजेका थिए । तर, सिंहदरबारको गेटमा प्रहरीले गाग्री भित्र लैजान नदिएर खोसेको थियो ।

# नेपाल भाषाका स्रष्टा सम्मानित



**काठमाडौं/मस–** नेपाल प्रज्ञा-प्रतिष्ठान भाषा (मातृभाषा,कोश र व्याकरण) विभागले ‘नेपाल भाषाका स्रष्टाहरूलाई कदरपत्र’ प्रदान गरेको छ ।

नेपाल प्रज्ञा-प्रतिष्ठानका कुलपति भूपाल राईले ब्यानर वाचन गरेर कार्यक्रमको उद्घाटन गरेका थिए ।

उनले नेपालभाषा, साहित्य र संस्कृतिको क्षेत्रमा विशिष्ट योगदान पु¥याएका स्रष्टाहरू तेजेश्वरबाबु ग्वङ्ः, नारायणदेवी श्रेष्ठ, प्रकाश प्रधानाङ्ग, सूवर्ण शाक्य,नवीन चित्रकार, सत्यभामा माथेमा, प्रा.डा.तुयुबहादुर महर्जन, मथुरा सायिम्,अपर्णा प्रधान, सौरभ शाक्य, श्याम आशा र रामेश्वर भुजु गरी १२ जनालाई नगदसहित कदरपत्रद्वारा सम्मान गरेका थिए ।

कार्यक्रममा कुलपति राईले तत्कालीन राज्यसत्ता मातृभाषा प्रति अनुदार रहेको समयमा पनि नेपाल भाषा र साहित्यको साधना गर्नु भनेको खास चुनौती,अभियान र आन्दोलन भएको बताए ।

उनले प्रज्ञा-प्रतिष्ठानले सम्झिनु भनेको राज्य संयन्त्रले सम्झिएको हो भन्ने बुझ्न जरुरी रहेको बताए । नेपाल प्रज्ञा-प्रतिष्ठानका उपकुलपति विमलकृष्ण श्रेष्ठ विमल निभाले सदियौंदेखि उत्पीडनमा परेका मातृभाषाका स्रष्टाहरूलाई कदर गर्न पाउँदा आफूलाई खुसी लागेको बताउँदै यो एक प्रतीकात्मक सम्मान रहेको बताए ।

नेपाल प्रज्ञा-प्रतिष्ठानका सदस्यसचिव डा. धनप्रसाद सुवेदीले स्वागत मनतव्यका क्रममा साधन र स्रोतको अभावले प्रज्ञा-प्रतिष्ठानका कतिपय ठोस काम गर्न कठिनाइ रहेको बताए ।

कार्यक्रमका सभाध्यक्ष,नेपाल प्रज्ञा-प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य तथा मातृभाषा,कोश र व्याकरण विभाग प्रमुख त्रैलोक्यमान बनेपाली ‘अगिव’ले नेपालभाषा साहित्यका ज्येष्ठ स्रष्टालाई प्रज्ञा-प्रतिष्ठानको तर्फबाट सम्मान गरेर थप हौसला प्रकट गरेको बताए । कार्यक्रमको सुरुमा वरिष्ठ कवि त्रिरत्न शाक्यको निधनमा श्रद्धाञ्जली अर्पण गरिएको थियो ।

**युएईमा रोजगार**

कम्पनीः SUPER SHINE AUTO CARE
शहरः UAE
पूर्व स्वीकृत मितिः २०८१/१०/११
चलानी नं.: ६०२३१९२८
LT. No.: 317741

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper-Skilled | 5 | 0 | सम्बन्धित कामम‍ा दक्ष | 1200 | ४५,०९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Mig Welders | 10 | 0 | | 1700 | ६३,८८६ | | | | | | | |
| 3. | Tig Welder | 8 | 0 | | 1700 | ६३,८८६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ माघ १९ गते (1 February 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

ईभ नेपाल ओभरसिज प्रा. लि.
शान्तिनगर, काठमाडौं, , फोन नं.: ४१०७५२०, ४६२२४३६
Email : evenpl34@gmail.com | www.evenepaloverseas.com

## अखिल क्रान्तिकारीको निर्वाचन आज

# १६५ जना उम्मेदवार




**काठमाडौं / मस–** माओवादी केन्द्र निकट अखिल क्रान्तिकारीको ३३ सदस्यीय पदाधिकारीका लागि १६५ जना विद्यार्थी नेता चुनावी मैदानमा उत्रिएका छन् । शनिबारका लागि तय भएको अखिल क्रान्तिकारीको केन्द्रीय समितिको निर्वाचनमा ३३ पदाधिकारीका लागि १६५ जनाको उम्मेदवारी परेको निर्वाचन समितिले जनाएको हो ।

एक अध्यक्षका लागि ६ जनाको उम्मेदवारी परेको छ । अनलाइन प्रणालीबाट दर्ता भएको मनोनयनअनुसार अध्यक्षमा उपदेशकुमार यादव, सुदिन पौडेल, हेमन्त राई, विजयप्रकाश शर्मा, विश्वमणि थापा र योगेन्द्र बुढाले उम्मेदवारी दिएका छन् ।

अध्यक्षमा उम्मेदवारी दिएका ६ जना नै यसअघि उपमहासचिव थिए । अध्यक्षका उम्मेदवारमध्ये यादव वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ नजिक मानिन्छन् । त्यस्तै पौडेल उपमहासचिव वर्षमान पुन र राई अर्का उपमहासचिव जनार्दन शर्मा निकटका हुन् । यसैगरी शर्मा अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, थापा महासचिव देव गुरुङ निकट र बुढा उपाध्यक्ष कृष्णबहादुर महरा निकट मानिन्छन् ।

खुलासहित आरक्षणमा गरेर ९ उपाध्यक्षका लागि ४४ जनाले उम्मेदवारी दर्ता गराएका छन् । जसमा ४ खुला उपाध्यक्षका लागि १९ जनाको उम्मेदवारी परेको छ । खुला उपाध्यक्षमा ३ जना महिला देवकी कार्की, मुना काप्री र देउमा जैसी (दीपा)सँगै लालबहादुर पाण्डे, अटल आचार्य, समीप खरेल, तुलसीराम न्यौपाने, टंकप्रासद उपाध्याय(नवीन), विराज थापा, खेमबहादुर सिंह, मदन ढकाल, विनोद कोइराला, देवेन्द्रराज शर्मा, रजिवरमण न्यौपाने, योगेश भट्टराई, भीष्मराज चौलागाईं, समीर बुढाथोकी (मुक्ति) र रमेश आचार्य रहेका छन् ।

उपाध्यक्ष खस-आर्यतर्फ एक पदका लागि ९ जनाको उम्मेदवारी परेको छ । जसमा राजन पोखरेल, मीनराज आचार्य, सुविन चालिसे, ज्ञानु खड्का, उमेश कँडेल, महेश अधिकारी, जनकबहादुर बटाला, आशिष वास्ताकोटी र सुरजकुमार भण्डारी रहेका छन् ।

उपाध्यक्ष दलिततर्फ एक पदका लागि ५ जनाको उम्मेदवारी परेको छ । जसमा चित्र सुनार, अविनाश रस्तेल, कृष्णबहादुर सुनार, पदम नेपाली र उचित दासको उम्मेदवारी परेको हो । मधेशी उपाध्यक्षतर्फ एक पदमा ४ जनाको उम्मेदवारी परेको छ। जसमा शिवमकुमार साह, अभिमन्यु यादव, अभयप्रताप चौबे र सञ्जीवकुमार चौधरी रहेका छन् । उपाध्यक्ष आदिवासी जनजातितर्फ १ पदमा ३ जना मुना थापामगर, सन्दिप पुन र बुद्रोस लिम्बूको उम्मेदवारी परेको छ। उपाध्यक्ष छात्रातर्फ एक पदका लागि ३ जनाको उम्मेदवारी परेको छ । जसमा ममता अधिकारी, पार्वती नेगी र मनिषा आचार्य रहेका छन् ।

अध्यक्षपछिको कार्यकारी पद महासचिवमा १० जनाको उम्मेदवारी परेको छ । जसमा पदमप्रसाद काफ्ले, प्रतीक कार्की, श्याम रोक्का, रोशन थापामगर, रोशन खड्का, गोविन्द बानियाँ, सञ्जीव फुयाल, तिर्सना हमाल, शिव बस्नेत र सञ्जयकुमार महतो छन् । हमाल महिलाबाट, महतो मधेशी समुदायबाट र रोक्का दलित समुदायबाट महासचिवमा उम्मेदवारी दिने एक्ला उम्मेदवार हुन् । जसमा हमाल यसअघि उपमहासचिव, बस्नेत र कार्की केन्द्रीय सदस्य र बाँकी सबै सचिव थिए ।

विभिन्न ९ प्रदेशतर्फबाट निर्वाचित हुने ९ पद रहेको उपमहासचिवमा ३७ जनाको उम्मेदवारी परेको छ। जसमा प्रदेश एकतर्फ २, मधेशतर्फ ४, बामगतीतर्फ ३, गण्डकीतर्फ २, लुम्बिनीतर्फ ४, कर्णालीतर्फ ४, सुदूरपश्चिमतर्फ ५, उपत्यका प्रदेशतर्फ ७, विश्वविद्यालय प्रदेशतर्फ ६ जनाको उम्मेदवारी परेको छ।

खुला र विभिन्न आरक्षणसहित १२ सचिवका लागि ६१ जनाको उम्मेदवारी परेको छ । जसमा सचिव खुलातर्फ २६, सचिव छात्रातर्फ ८, सचिव मधेशीतर्फ ७, सचिव आदिवासी जनजातितर्फ ५, सचिव दलिततर्फ ५, सचिव खस-आर्यतर्फ ३, सचिव शहीद सन्तातितर्फ ६ र सचिव मुस्लिमतर्फ एक जनाको उम्मेदवारी परेको छ ।

अर्को कार्यकारी पद कोषाध्यक्षमा ५ जनाको उम्मेदवारी परेको छ। जसमा पारु चौलागाईं, शिव श्रेष्ठ, महेन्द्र चन्द, गगन भट्टराई र फूलमाया रानामगर रहेका छन्।

केन्द्रीय समितिको पदाधिकारीसरहकै हैसियत रहने अनुशासन आयोगको अध्यक्षमा २ जनाको उम्मेदवारी परेको छ । आयोगकै उपाध्यक्ष खुलातर्फ ८, उपाध्यक्ष समावेशीतर्फ २, उपाध्यक्ष छात्रातर्फ २, सचिवमा ४ जनाको उम्मेदवारी परेको छ ।

यस्तै निर्वाचन आयोगको अध्यक्षमा ४, उपाध्यक्ष खुलातर्फ ४, उपाध्यक्ष समावेशीतर्फ २, उपाध्यक्ष छात्रातर्फ २ र सचिवमा ४ जनाको उम्मेदवारी परेको छ । लेखा आयोगको अध्यक्षका लागि ३, उपाध्यक्ष खुलातर्फ ४, उपाध्यक्ष समावेशीतर्फ ३ जनाको उम्मेदवारी परेको छ ।

लेखा आयोगको उपाध्यक्ष छात्रातर्फ गायत्री सिंहको मात्रै उम्मेदवारी परेको छ। लेखा आयोगकै सचिवमा भने ५ जनाको उम्मेदवारी परेको छ। अखिल क्रान्तिकारीको विधानअनुसार २४३ सदस्यीय केन्द्रीय कमिटीमा ३३ जना पदाधिकारी, ४८ सचिवलाय सदस्य र १६२ जना केन्द्रीय सदस्य हुनेछन् । २३औं राष्ट्रिय सम्मेलनका लागि माघ १२ मा मतदान हुनेछ । पदाधिकारीमा ३३ पदका लागि निर्वाचन हुँदा अध्यक्ष, महासचिव र कोषाध्यक्षमा एक/एक जना, उपाध्यक्ष ९, उपमहासचिव ९ र सचिव १२ जना निर्वाचित हुनेछन् ।

## भारतमा रेल दुर्घटनाः मृतक नेपालीको परिवारलाई भारतले क्षतिपूर्ति दिने



**काठमाडौं / मस–** भारतको महाराष्ट्रामा भएको रेल दुर्घटनामा ७ जना नेपालीको मृत्यु भएको पुष्टि भएको छ । परराष्ट्र मन्त्रालयले दुर्घटनामा ७ नेपालीको मृत्यु भएको जनाएको छ। मृत्यु हुनेमा अछामका ४ जना, कैलालीका २ जना र बाँकेका १ जना छन् ।

मृत्यु हुनेमा कैलालीका ४३ वर्षीया कमला नविन भण्डारी, ४० वर्षीय लछिराम पासी, अछामका ११ वर्षीय हिमु नन्दराम विश्वकर्मा, ४४ वर्षीय नन्दराम पद्म विश्वकर्मा, ४२ वर्षीया मौसारा कामी विश्वकर्मा, ६० वर्षीया जोक्ला उर्फ कला कामी र बाँकेका ३२ वर्षीय राधे श्याम राध छन् ।

दुर्घटनामा ४ जना नेपाली घाइते भएको पनि मन्त्रालयले जनाएको छ । तीमध्ये ३ जनाको स्थानीय अस्पताल र गम्भीर घाइते भएका १ जनालाई जलगाउँको गोदावरी अस्पतालमा उपचार भइरहेको छ । दुर्घटनामा घाइते भएका मंगलसेनका ह्युजला सावन्त र धर्मबहादुर सावन्त तथा दैलेखका दीपक थापा र मञ्जु परियारको उपचार भइरहेको छ ।

दुर्घटनामा मृत्यु भएका नेपालीहरूको शव नेपाल ल्याउनका लागि र घाइतेहरूको शीघ्र उपचारका लागि नेपाल सरकारले काठमाडौंस्थित भारतीय दूतावासमार्फत भारत सरकारलाई आग्रह गरेको छ । भारतको महाराष्ट्र राज्य अन्तर्गत जलगाउँ जिल्लाको परधाडे स्टेसन नजिकै भएको रेल दुर्घटना भएको थियो।

बुधबार भएको रेल दुर्घटनामा परी १२ जनाको मृत्यु भएको थियो ।

दुर्घटनामा मृत्यु भएका ७ नेपालीका परिवारले जनही साढे ६ लाख भारतीय रुपैयाँ (१० लाख ४० हजार रुपैयाँ) पाउने भएका छन् ।

सबै मृतकका परिवारलाई भारतको केन्द्र सरकारले जनही १ लाख ५० हजार र महाराष्ट्र सरकारले ५ लाख भारू दिने घोषणा गरेका हुन् ।

केन्द्र सरकारले ५० हजार क्यास तथा बाँकी बैंकमा जम्मा गरिदिने जनाएको छ ।

महाराष्ट्र सरकारले शव घरसम्म पुर्याउन निःशुल्क एम्बुलेन्सको व्यवस्था गरिदिएको प्रवासी नेपाली संघ भारत महाराष्ट्र पश्चिम मुम्बई नगर समितिका अध्यक्ष मनीषकुमार भूमिले जानकारी दिए ।

यसैबीच कैलालीकी कमला भण्डारीको शव नेपाल ल्याउने प्रक्रिया सुरु भएको छ । नन्दराम विकसहित उनका परिवारको शव भारतको पुणेमा अन्तिम संस्कार गरिने छ ।

जयकला कामीको शव अछामको सिउँडी ल्याइने तयारी भएको जनाइएको छ ।

## ३ वर्षभित्र बुटवल–गोरुसिङ्गे सडक खण्डको स्तरोन्नति गरिने



**काठमाडौं / मस–** प्रधानमन्त्री केपी शर्मा ओलीले विकास निर्माण र पूर्वाधारका हिसाबले अब नेपाल अघि बढिसकेको बताएका छन् ।

बुटवल-गोरुसिङगे सडक खण्डको स्तरोन्नति कार्यको शिलान्यास तथा सम्बोधन सभालाई शुक्रबार भर्चुअल माध्यमबाट मन्तव्य दिँदै प्रधानमन्त्री ओलीले सुरुङमार्ग, प्रशासनिक तथा अस्पताल भवन निर्माण र अन्य विकासका कामलाई सरकारले तीव्रता दिने बताए ।

आगामी तीन वर्षभित्र बुटवल-गोरुसिङगे सडक खण्ड विस्तार गरिसक्ने प्रधानमन्त्रीले घोषणा गरे ।

सिद्धबाबा सुरुङमार्गको सफलतापूर्वक ब्रेक थ्रु हुनु एक उपलब्धि भएको बताउँदै उनले उच्च संकल्प र आँटका साथ देशको विकास हामीहरू आफैले गर्नुपर्ने जोड दिँदै यसमा विदेशी सहयोगी हातहरूको पनि साथ लिने स्पष्ट गरे ।

प्रधानमन्त्री ओलीले धर्म, जात र अनेक नाममा विभाजन र भ्रम फैलाउन खोज्ने पक्षहरुलाई बेवास्ता गरी एकताबद्ध भई देश बनाउने मार्गमा अग्रसर हुन सबैमा आग्रह गरे ।

## एसईईमा उत्कृष्ट अंक ल्याउने छात्र तामाङलाई वडाद्वारा सम्मान



**अन्जान गुभाजु / मध्यान्ह**
नुवाकोट, ११ माघ

नुवाकोटको विदुर नगरपालिका-१३ स्थित श्री अजिङरे माविबाट सफलतापूर्वक एसईई परीक्षा उत्तीर्ण गर्दै उत्कृष्ट अंक प्राप्त गर्ने छात्र छितिज तामाङलाई सम्मान गरिएको छ।


विद्यालयको ४२ औं वार्षिकोत्सवका अवसरमा आयोजित विशेष कार्यक्रममा विदुर-१३ का वडाध्यक्ष भरत तामाङले छात्र तामाङलाई नगद ५० हजार रुपैयाँको पुरस्कार प्रदान गरे। उक्त रकम बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले कार्यक्रममा प्रमुख अतिथिका रूपमा उपस्थित भइ हस्तान्तरण गरेका हुन् ।

गत वर्षको एसईई परीक्षामा उत्कृष्ट अंक (ए प्लस) ल्याउन सफल तामाङलाई शिक्षक कृष्ण थापाको पहलमा शिक्षक तथा विद्यार्थीहरूले संयुक्त रूपमा संकलन गरेको २२ हजार रुपैयाँ पनि प्रोत्साहन स्वरूप प्रदान गरिएको थियो ।

वडाध्यक्ष तामाङले वडाको एक मात्र सामुदायिक माविबाट उत्कृष्ट नतिजा हासिल गर्ने छात्रलाई सम्मान गर्दै भने, 'सामुदायिक विद्यालयको स्तर उकास्न वडा प्रतिबद्ध छ। छितिजको सफलताले हामी सबैलाई प्रेरित गरेको छ ।'

कार्यक्रममा जिल्ला समन्वय समिति नुवाकोटका प्रमुख रजिन्द्र बिक्रम ठकुरी, उपप्रमुख दलबहादुर तामाङ, विदुर नगरपालिकाका प्रमुख राजन श्रेष्ठ, उपप्रमुख प्रभा बोगटी तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राजकुमार अधिकारीलगायतको उपस्थिति रहेको थियो । अभिभावकहरूको बाक्लो उपस्थिति र विद्यार्थीहरूको सांस्कृतिक प्रस्तुतिले कार्यक्रमलाई झनै रमणीय बनाएको थियो ।

## प्रधानमन्त्रीद्वारा बगनासकालीको प्रशासकीय भवन उद्घाटन



**काठमाडौं / मस–** प्रधानमन्त्री केपी शर्मा ओलीले पाल्पाको बगनासकाली गाउँपालिकाको प्रशासकीय भवनको शुक्रबार 'भर्चुअल' रूपमा उद्घाटन गरेका छन् ।

प्रधानमन्त्री ओली कार्यक्रम स्थलमै पुगेर उद्घाटन गर्ने कार्यक्रम रहे पनि उनको स्वास्थ्य प्रतिकूलताका कारण प्रधानमन्त्री निवास, बालुवाटारबाट सम्बोधनसहित भवन उद्घाटन गरेका हुन् ।

उनले उर्वर भूमि बगनासकाली गाउँपालिकाको कार्यक्रमस्थल चिर्तुङ्गधारामा आउने र पाल्पाली जनतासँग भेटघाट गर्ने चाहना हुँदाहुँदै रुघाखोकी लागेका कारण प्रत्यक्ष रूपमा उपस्थित हुन असमर्थ भएको उल्लेख गरे ।

प्रधानमन्त्री ओलीले प्रशासकीय भवनबाट स्थानीय जनताले अझ राम्रो गरी सेवा पाई र नयाँ अनुभूति मिल्ने गरी काम गर्न आग्रह गरे । उनले पाल्पा एक ऐतिहासिक र रमणीय जिल्ला भएकाले यस प्रकारको छविलाई यहाँका जनताले कायमै राख्ने विश्वास व्यक्त गर्दै आफूहरूले सुरु गरेका सिद्धबाबा सुरुङलगायत विकास निर्माणका काम आफूहरूकै पालामा सम्पन्न गर्ने गरी काम भइरहेको बताए ।

खनिज तत्वको प्रयोगमा पाल्पा अगाडि रहेको र कृषिमा उद्यमशीलता एवं समग्र विकासमा यो जिल्ला थप अग्रसर हुने प्रधानमन्त्री ओलीले अपेक्षा गरे ।

प्रधानमन्त्री ओलीले सरकार परिवर्तन हुन्छ भनेर अस्थिरता मच्चाउने तत्वहरूले चलाएको हल्लाको पछि नलाग्न आग्रह गरे । एमाले र नेपाली कांग्रेससहितको यो सरकार २०८४ को निर्वाचनसम्म एकताबद्ध भएर पूर्वसहमतिबमोजिम अघि बढ्ने उनले स्पष्ट पारे ।

केही व्यक्तिले विकासका कामलाई सुन्न नचाहेर विकास विरोधी कुरा गरिरहे पनि त्यस्ता कुराको अर्थ नहुने प्रधानमन्त्री ओलीले स्पष्ट पारे ।

## मधेस सरकारले फिर्ता लियो विवादित 'भाषा विधेयक'



**जनकपुरधाम / मस–** मधेस सरकारले भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१ फिर्ता लिएको छ । बुधबार मन्त्री तिवारीले प्रदेशको कामकाजको भाषा सम्बन्धमा प्रदेशसभामा पेश गरेको विधेयक छलफल अगावै विवादित बनेपछि विधेयक फिर्ता लिएकी हुन ।

शुक्रबार बसेको प्रदेश सभा बैठकमा शिक्षा तथा संस्कृतिमन्त्री रानी शर्मा तिवारीले उक्त विधेयकको फिर्ता लिने प्रस्ताव गरेकी हुन् ।

विधेयक फिर्ता प्रस्तावलाई सभामुख रामचन्द्र मण्डलले निर्णायार्थ प्रस्तुत गर्दा सर्वसम्मतले पास गरिएको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले विधेयक फिर्तासम्बन्धमा प्रदेशसभा सचिवालयलाई शुक्रबार नै पत्र लेखेको थियो। 'मन्त्रिपरिषद्को बैठकबाट प्रदेशको कामकाजी भाषाका लागि ल्याइएको विधेयक फिर्ता लिने निर्णय भएकाले सोहीअनुसार व्यवस्था गरिदिन आग्रह छ,' मुख्यमन्त्री कार्यालयले लेखेको पत्रमा भनिएको छ ।

मन्त्री तिवारीले विधेयकमा त्रुटि भए पनि सदनबाटै सच्याउने अधिकार भएको बताइन। 'विधेयक ल्याउँदा त्रुटि भयो । थारु भाषा पनि समेट्नु पर्थ्यो भन्ने महसुस गरेकी छु । तर कानुन मन्त्रालयले यसमा समेटेर पठाइदिए अझ राम्रो हुन्छ,' मन्त्री तिवारीले भनिन् ।

सरकारले पेश गरेको विधेयकमा नेपाली अतिरिक्त मैथिली, भोजपुरी, बज्जिका, हिन्दी र अंग्रेजी भाषालाई कामकाजको भाषाको रूपमा अगाडि सारिएको थियो ।

तर सदनमा विधेयक पेश भएको दोस्रो दिन बिहीबारको प्रदेशसभाको बैठकमा बोल्ने अधिकांश सांसदले भाषासम्बन्धी विधेयकमा थुप्रै भाषा छुटेको भन्दै विरोध जनाएका थिए। विधेयकमा थारु र मगहीलगायतका भाषालाई समावेश नगरेको भन्दै प्रदेशसभाको बैठक र बाहिर पनि विरोध भइरहेको थियो ।

## इनार खन्दा मल्लकालीन शिवलिङ्ग भेटियो



**ललितपुर / मस–** ललितपुरको महालक्ष्मी नगरपालिका लुभुमा योगनरेन्द्र मल्लकालीन शिवलिङ्ग भेटिएको छ ।

महालक्ष्मी नगरपालिका- ८ लुभुको अन्नडोलमा मल्ल राजा योगनरेन्द्र मल्ल नामांकित शिवलिङ्ग फेला परेको हो । उक्त ठाउँमा घर बनाउने प्रयोजनका लागि इनार खन्ने क्रममा शिवलिङ्ग भेटिएको हो।

स्थानीय प्रकाश थापाले सो शिवलिङ्ग आफ्नो घरमा सुरक्षित राखेको बताए । अक्षर उत्कीर्ण शिवलिङ्गको ऐतिहासिकताबारे अध्ययन गर्न उपप्राध्यापक सुरेश बखुन्छें, सञ्चारकर्मी हरिसुन्दर छुकां, आर्किटेक्ट सिर्जना प्रजापति र इन्जिनियर तुल्सीलाल बासुकलाको टोली उक्त स्थानमा पुगेका थिए ।

टोलीले उक्त शिवलिङ्गमा उत्कीर्ण अक्षर र शब्द अध्ययन गर्ने क्रममा उक्त शिवलिङ्ग योगनरेन्द्र मल्लकालीन भएको पत्ता लागेको हो । उक्त शिवलिङ्गमा नेपाल संवत् ८१६, योगनरेन्द्र मल्ल, शिवलिङ्ग, न्येमा, लुवु, माघ शुक्ल लगायतका अक्षर फेला परेका छन् ।

सो शिवलिङ्गको गोलाई १२ इन्च, जलद्रोणीसहित १६ इन्च र उचाइ ६ इन्च छ। केही भाग चोइटिएको कारण अध्ययनमा केही कठिनाइ भएको छ । शिवलिङ्गमा रहेको अभिलेखको लिप्यान्तरपछि थप तथ्य खुल्ने टोलीले जनाएको छ ।

## राष्ट्रिय युवा संघको भेला आज




**काठमाडौं / मस–** एमाले निकट राष्ट्रिय युवा संघ नेपालको राष्ट्रिय कार्यकर्ता भेला शनिबार हुँदैछ । भेलामा ११ सय बढी प्रतिनिधि सहभागी हुने छन् ।

काठमाडौंको प्रज्ञा प्रतिष्ठानमा हुने भेलाको प्रधानमन्त्रीसमेत रहेका एमाले अध्यक्ष केपी शर्मा ओलीले उद्घाटन गर्ने कार्यक्रम छ। शिक्षा, रोजगार, उद्यमशीलता तथा सामाजिक न्याय, समावेशिता र नवीनतामा आधारित योजनाहरूलाई अगाडी सार्दै युवालाई नीति निर्माणमा सहभागिता गराउने उद्देश्यले भेला आयोजना गरेको युवा संघका महासचिव सुमन पुरीले बताए ।

युवा संघले भेलामा सहभागी हुन सबै जिल्लाबाट ११ सयभन्दा बढी प्रतिनिधिहरू छनोट गरेको छ । महासचिव पुरीले भने, 'युवालाई रोजगारी र स्वरोजगारीका अवसर सिर्जना गर्ने सवालमा भेला फलदायी हुनेछ ।'

**UAE मा रोजगार** Saarangaa Bhojan Shala Vegetarian Restaurant

पुन विज्ञापन, पूर्व स्वीकृती मिति: २०८०/१०/१५ चलानी नं. ६०२१३९५९ LT.No. 299019

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Waiter | 02 | 00 | साक्षर | 900 | ३३,७००/- | नियम अनुसार | ८ घण्टा | ६ दिन | नियम अनुसार | छ | छ | २ वर्ष |
| २. | Juice Maker | 02 | 00 | साक्षर | 1200 | ४४,९००/- | | | | | | | |
| ३. | Kitchen Helper | 06 | 00 | साक्षर | 1200 | ४४,९००/- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले ब्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले ब्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने / नहुने र कसले ब्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८/- कामदार आफैंले | रु. १,५००/- कामदार आफैंले | रु. ७,००/- कामदार आफैंले | निःशुल्क |

अन्तरवार्ता २०८१ माघ १९ गते (1 Feb., 2025) यस प्रा. लि. कार्यालय बौद्ध, काठमाडौंमा हुनेछ ।

लाल धनुष ईन्टरनेशनल सर्भिस प्रा. लि.
महांकाल, बौद्ध, काठमाडौं, फोन: ०१-५२१००५६, ९८०१०३६५३३, ९८४९२४१६६१, ९८०३५०५९३५

**Qatar मा रोजगार** Seven Group Co.

पूर्व स्वीकृती मिति : २०८१/१०/११ चलानी नं.: ६०२३१९२७ LT No. : 317721

| सि.नं. | कामदारको पद | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | GEN.CLEAN WORKER | 7 | काममा दक्ष | 1000 | ३८,०००/- | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले ब्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले ब्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने / नहुने र कसले ब्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८/- कामदार आफैंले | रु. १,५००/- कामदार आफैंले | रु. ७,००/- कामदार आफैंले | रु.१०,०००/- |

अन्तरवार्ता २०८१ माघ १९ गते (1 Feb., 2025) यस प्रा. लि. को कार्यालय बसुन्धारा, काठमाडौंमा हुनेछ ।

AAROHI HR Solutions Pvt. Ltd.
Govt. Lic. No: 1244/074/075

आरोही एच.आर. सोलुसन्स् प्रा.लि.
Kathmandu Metropolitan-3, Basundhara Kathmandu Nepal
www.aarohihrsolutions.com info@aarohihrsolutions.com
01-4961807, 4962925 9851067941, 9801081902
BRANCH OFFICE: Chitwan: 056-514109, +977 9802899323, Pokhara: 061-591364, +977 9765652471

पुस्तक चर्चा

# रोचक यात्रा कथा : जिगमिषा

*हरेक मान्छेमा जिगमिषा हुन्छ । त्यही जिगमिषाले डोऱ्याएर मान्छे अनेकन ठाउँ पुगिरहेको हुन्छ, रमाइरहेको हुन्छ र आनन्द प्राप्त गरिरहेको हुन्छ । लेखक कृष्णमुरारि ढुङ्गेललाई जिगमिषाले डोऱ्याएर इन्डोनेसिया, अस्ट्रेलिया र न्युजिल्याण्ड पुऱ्याएको छ । उनी त्यहाँ पुगेर रमाएका छन् र आफ्नै देश सम्झेर टोलाएका पनि छन् ।*



■ रत्न प्रजापति

दर्शक, श्रोता अथवा पाठकमाझ कृष्णमुरारि ढुङ्गेल अपरिचित नाम होइन । विगतमा लामो समय पत्रकारिता, रेडियो कार्यक्रम, रङ्गमञ्च र टेलिश्रृंखलादेखि ठूलो पर्दाका चलचित्रसम्म अभिनय, पटकथा लेखन र निर्देशनमा सक्रिय र पछिल्लो समय नियात्रा लेखनमा समेत सक्रिय ढुङ्गेल विदेशमा बसोबास गर्छन् । देशमा विद्यमान बेथिति र त्यही बेथितिले सिर्जना गरेको अवसरको अभावले गर्दा धेरै महत्वाकांक्षी युवालाई अवसरको खोजीमा विदेश पलायन हुनुपर्ने बाध्यता छ । त्यही बाध्यता कृष्ण मुरारी ढुङ्गेलले पनि भोगेका हुन् भन्दा अतिशयोक्ति नहोला ।


विदेशमा रहँदाकै अवस्थामा समय समयमा यात्रामा निस्कँदाका अविस्मरणीय क्षणहरूलाई शब्दहरूमा लिपिबद्ध गरेर नियात्रा सिर्जना गर्ने ढुङ्गेलको यसअघि नियात्रा कृति 'होहाहोला' (२०७८) प्रकाशित छ । उनै नियात्राकार ढुङ्गेलको हालै अर्को नियात्रा कृति 'जिगमिषा' (२०८१) प्रकाशित भएको छ । यसलाई शिखा बुक्सले प्रकाशन गरेको हो ।

यसो त 'जिगमिषा'मा विभिन्न देशको यात्राको क्रममा सँगालिएका अनुभव र अनुभूतिलाई अभिव्यक्त गरेको भए पनि लेखकले यो कृतिलाई नियात्रा नभनी यात्रा कथा भनेका छन् । नियात्रामा कथाको स्वाद भरिएकाले यसलाई यात्रा कथा भन्नुमा कुनै अस्वाभाविकता पनि देखिँदैन । यो संग्रहमा अमेरिकाको डेनभरदेखि सानफ्रान्सिस्को र सिङ्गापुर (ट्रान्जिट मात्रै) हुँदै इन्डोनेसिया, अस्ट्रेलिया र न्युजिल्याण्डको भ्रमणमा आधारित १३ वटा यात्रा कथा संग्रहीत छन् । अमेरिका र सिंगापुरसँग सम्बन्धित दुई वटा, इन्डोनेसियासँग सम्बन्धित चार वटा, अस्ट्रेलियासँग सम्बन्धित पाँच वटा र न्युजिल्याण्डसँग सम्बन्धित दुई वटा यात्रा कथा छन् ।

हरेक मान्छेमा जिगमिषा हुन्छ । त्यही जिगमिषाले डोऱ्याएर मान्छे कहाँ-कहाँ पुगिरहेको हुन्छ, रमाइरहेको हुन्छ र आनन्द प्राप्त गरिरहेको हुन्छ । जिगमिषा भनेको कुनै ठाउँमा जाने इच्छा वा पुग्ने चाहना हो । लेखक ढुङ्गेललाई जिगमिषाले डोऱ्याएर आफू बस्दै आएको देशबाहेक अरू तीन वटा देशहरूका विभिन्न सहरहरू, विशेषगरी इन्डोनेसियाको बाली, अस्ट्रेलियाको सिड्नी, क्यानबेरा, मेलबर्न र तासमानिया अनि न्युजिल्याण्डको अकल्याण्डलगायत पुगेका छन् । त्यहाँ पुगेर रमाएका छन् र आफ्नै देश सम्झेर टोलाएका पनि छन् । उनी जहाँ पुगे पनि आफ्नो देशलाई सम्झेका छन् । यात्रामा उनी एक्लै पनि छैनन् । यात्रामा उनलाई धर्मपत्नी सरिता, साथी मोहन मिश्र, जसलाई उनी दाइ भनेर सम्बोधन गर्छन्, र मोहनकी धर्मपत्नी अनुराधाले साथ दिएका छन् । सबै यात्रामा ती चारै जना सँगसँगै छन् ।

केही वर्षअघिसम्म स्रष्टा दिनेश सत्यालले नियमित निबन्ध कथा लेख्थे । अहिले त्यति लेखिएका छैनन् । तर, निबन्ध, नियात्रा र कथालाई फ्युजन गरेर अथवा यी तीनै वटाको स्वाद भरेर निकथा लेख्ने प्रचलन भने सुरु भएको छ । कथाकार विक्रमभक्त जोशीले 'चोभारब्लुज' शीर्षकमा निकथा संग्रह नै प्रकाशित गरेका छन् । यसैगरी विनोद दीक्षितको 'तमसोमा ज्योतिर्गमय', समिर नेपालको 'नबिर्सने यात्रा' लगायतका यात्रा कथा संग्रह पनि प्रकाशित छन् । संसारका अरू विभिन्न भाषामा यात्रा कथा लेखिएका छन् र प्रसिद्ध चलचित्र पनि बनेका छन् । यस्तै, मध्येको एक चलचित्र हो 'नोम्याडल्याण्ड' । एक ६० वर्षीया विधवा फिरन्ते महिला फर्नको यात्रा कथामा आधारित सो चलचित्रले सन् २०२० को अस्कर अवार्डमा तीन वटा विधामा अवार्ड प्राप्त गरेको थियो ।

नेपाली साहित्यमा पछिल्लो पटक नियात्राकार ढुङ्गेलको यात्रा कथा संग्रह 'जिगमिषा' प्रकाशित भएको छ । यसो त साहित्य परिचय अथवा साहित्य सिद्धान्तमा निकथा र यात्रा कथाबारे खासै उल्लेख भएको पाइँदैन । लेखकले स्वविवेकले नै आफ्नो सिर्जनालाई कुनै विधा विशेषका रूपमा चिनाउने प्रयास गर्दै आएका छन् र त्यस्तो विधा स्थापित हुने क्रममा पनि छ । नेपाली साहित्यमा विभिन्न उपविधाहरू जन्मिने क्रम जारी छ ।




यात्रा कथा 'जिगमिषा'मा लेखक ढुङ्गेलले आफ्नै यात्राको बारेमा वर्णन गरेका छन् । तर, ती नियात्रा जस्ता छैनन्, होइनन् । नियात्राकारले लेखेको नियात्रा जस्ता लाग्दैनन् । बरु कथा जस्ता लाग्छन्, कुनै कथाकारले लेखेको कथा जस्तो । सम्भवतः यात्राको वर्णन अथवा नियात्रा जस्तो नभएकाले नै लेखकले यात्रा कथा भनेका हुन् । वास्तवमा यो संग्रहभित्रका नियात्राहरू यात्रा कथा नै हुन् । किनभने त्यसमा यात्राको वर्णन, यात्राको भोगाइ, यात्राको अनुभव र यात्राको अनुभूतिभन्दा पनि यात्रामा मनले महसुस गरेका र भावनाले लेखिएका भावनात्मक अभिव्यक्ति छन् । आख्यानात्मक शैलीमा लेखिएका छन्, यात्राबारे बुनिएका कथानक छन् र तिनै कथानकले आकार दिएका कथा छन् ।

भूमिका लेखक डा. लक्ष्मणप्रसाद गौतमका शब्द सापटी लिएर भन्नुपर्दा विदेशमा घुमिरहँदा त्यहाँका मान्छेहरूमा र सरकारमा पनि आफ्नो सभ्यता, इतिहास, धर्म, संस्कृति, परम्परा, प्रकृति, मौलिकता आदिको संरक्षण गर्ने सचेतता देखिएको र नेपालमा नेता र जनतामा त्यो नदेखिएकामा खिन्नताको अनुभूति छन् यात्रा कथामा । विदेशका भौतिक उन्नति, राम्रो व्यवस्था, नैतिकता, अनुशासन देख्दा नेपालमा विपुल सभ्यता, प्रकृति र संस्कृति हुँदाहुँदै पनि अव्यवस्था र विसंगति मात्र भोग्नुपरेको दुर्नियतिलाई लेखकले गहिरो रूपमा देखाएका छन् । लेखक आफू डुल्दा पनि नेपाललाई साथै लिएर डुलेका छन्, घुमेका छन् । यात्रा कथामा देश प्रेमको भावना छचल्किएको पाइन्छ ।

यात्राको रोमाञ्चभन्दा कथाले छोड्ने भावनात्मक छाप बढी छन् यात्रा कथामा । कतै गलत पत्रकारिताप्रति व्यंग्य छ । कतै राष्ट्रियताप्रतिको गौरवानुभूति छ । कतै हर्ष छ र कतै विष्मात छ । कतै संवेदना छ त कतै संवेग पनि छ । कतै हास्य छ त कतै व्यंग्य पनि छ ।

नियात्रामा स्थानीय भौगोलिक, आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक र ऐतिहासिक विषयवस्तुका बारेमा यथेष्ट तथ्यपरक सूचना र जानकारी दिने प्रयत्न गरिएको हुन्छ । तर, ढुङ्गेलका यात्रा कथामा त्यस्तो सूचना वा जानकारी दिने प्रयत्न गरेका छैनन् अथवा दिनु आवश्यक ठानेका छैनन् । त्यसैले यात्रा कथामा सूचना र जानकारीभन्दा लेखकको भावना, कल्पना र पूर्व स्मृति बढी हाबी भएको छ । यसो त लेखकले नै यात्रा कथा भनिसकेपछि लेखन पनि कथानक बुन्नमै केन्द्रित भएकाले यात्रा कथाको पठनबाट आनन्द भने प्राप्त गर्नेछन् ।

लेखकले यात्राभरी दर्शकको आँखा मात्रै प्रयोग गरेका छन् । अन्वेषकको आँखा प्रयोग गरेको महसुस हुन्छ । उनी जहाँ जता पुगे पनि जे-जस्तो कुरा देखे पनि त्यसलाई एउटा दर्शक अथवा अवलोकनकर्ताको आँखाले मात्रै हेरेका छन् र जे देखेका छन् । त्यसैको सपाट वर्णन गरेका छन् । अन्वेषकको आँखाले हेर्ने र थप खोजीनिती गर्ने प्रयास भएको छैन अथवा अत्यन्तै कम भएको छ । त्यसैले पाठकहरू यथेष्ट उपयोगी सूचना र जानकारी पाउनबाट वञ्चित भएका छन् ।

साँच्चै भन्ने हो भने नियात्रामा पाठकहरू यात्राको वर्णन वा लेखकको गन्थन मात्रै पढ्न चाहँदैनन् । लेखकसँगै यात्रामा हिँडेको अनुभूति सँगालेर पठनको आनन्द लिनुका साथै, स्थानीय भौगोलिक, आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक र ऐतिहासिक आदि विषयवस्तुका बारेमा यथेष्ट जानकारी पनि हासिल गर्न चाहन्छन् । यसको कमी महसुस हुन्छ । यद्यपि, यसलाई स्वाभाविक रूपमा लिनुपर्छ । किनभने यो यात्रा कथा संग्रह हो ।

विदेशमा अल्पसंख्यक हिन्दुहरूले आफ्नो धर्म, संस्कृति र संस्कार कायम राखेका छन् । तर नेपालमा हिन्दुहरूको बाहुल्य भइकन पनि राजनीतिक उद्देश्यले नेताहरूको स्वार्थपूर्तिका लागि मात्रै धर्म निरपेक्ष राष्ट्र घोषणा गरिएको र आधुनिक बन्दै गरेका नेपालीले हिन्दु परम्परालाई त्याग्दै विदेशी परम्परालाई अपनाएकोमा दुःख व्यक्त गरिएको छ । अदूरदर्शी नेताप्रति कसिलो व्यङ्ग्य पनि प्रहार गरिएको छ । सानो देशलाई सङ्घीयतामा बाँडेर नेता पोस्ने र कार्यकर्ता पाल्ने काम गरेकोमा पनि नेताहरूप्रति असन्तुष्टि पोखिएको छ । सरल भाषा शैलीमा लेखिएको यो यात्रा कथा अत्यन्तै बोध गम्य छ । यद्यपि, सपाट वर्णन र उस्तै लाग्ने कथाको बाहुल्यताले कतैकतै पट्यार पनि लाग्छ, तर त्यसलाई प्रस्तुतिमा भएको मिठासले तुरुन्तै मेटिदिन्छ । भावना र मानवीय संवेदना पक्ष निकै सबल भएकाले पाठकहरू कतैकतै भावुकतामा डुब्नेछन् ।

# आमसञ्चारको परिचय दिने पुस्तक

पुस्तक चर्चा



■ रसुवाली कवि

*आजकाल पत्रकारितालाई राम्रोसँग पर्गेल्न सक्ने पत्रकारहरूको कमी छ । विश्वविद्यालयमा पत्रकारिता पढ्ने विद्यार्थीहरू कम छन् । खराब घटना वा खराब नै समाचार हो भन्ने मान्यता एक्काइसौँ शताब्दीमा पनि व्याप्त छ । जसको चिरफार एक हदसम्म शन्तराम र उपेन्द्रले 'आमसञ्चारको परिचय'मार्फत गरेका छन् ।*

माघे संक्रान्ति सकिएको केही दिन मात्रै भएको थियो । त्यो दिन कायामा पातला लाग्ने लेखकीय ऊर्जाले भरिएका अनि सकारात्मक चिन्तनमा विश्वास गर्ने शन्तराम बिडारीसँग चिनजान भएको थियो । त्यति बेला उनीसँग एबीसी टेलिभिजनमा काम गरिसकेको अनुभव थियो । अक्सर उनी एउटा सानो झोला बोक्थे । झोलामा दृष्टि, बुधवार, नवयुग, नेपाल समाचारपत्र, कान्तिपुर, नेपाल साप्ताहिक पनि हुन्थे । प्रेस चौतारीको जुझारु कमरेड थिए, शन्तराम । उनमा दामन, पालुङ-टिस्टुङ्गो भाका मिसिएको गाउँलेपन उस्तै थियो, हार्दिकता त्यस्तै । थाहा अभियानको कुनै अभियन्ता जस्ता लाग्थे । कायासमेत रूपचन्द्रसँग मिलेपछि सहरले उनलाई एक थाहा नै ठान्दो हो । यो अलि पहिलाकै कुरा हो ।


केही दिन अगाडि शन्तरामसँग आरआर क्याम्पस, प्रदर्शनी मार्गमा भेट भयो । उनले त्यो थाहाकालीन लाग्ने झोला फटाइसकेका थिए । अहिले उनीसँग ल्यापटप राख्न मिल्ने झोला थियो । उनले झोलाबाट 'आमसञ्चारको परिचय' नामक पुस्तक झिके । पहिलो पृष्ठमा हस्ताक्षर गर्दै उनले भने- केही लेख्दिनुस् न !

हिजो-आज म खासै उपहार स्वरूप आएका पुस्तक कम लिन्छु । एक त यस्ता पुस्तक पढिने सम्भावना एकदम कम हुन्छ । अर्को, समीक्षा वा फेसबुक टिप्पणीको अपेक्षा राख्छन् लेखकहरू, जुन सबै पूरा गर्न सकिँदैन । लेखकहरू रिसाउँछन् । तर, बिडारीको आग्रहलाई टार्न सकिनँ किनकि बिडारी श्रमजीवी पत्रकारितामा लामो समयदेखि क्रियाशील व्यक्तित्व हुन् । उनको लेखाइ सटिक हुने गर्छ । पत्रकारितालाई अनुज पुस्तालाई प्रोत्साहित गर्नु, प्रेस स्वतन्त्रताको आन्दोलनमा सधैँ फ्रन्ट लाइनमा उभिनु, पत्रकारितालाई निष्ठाको पेसा बनाउन लागिरहनु शन्तराम बिडारीका विशेषता हुन् । उनी नेपाल पत्रकार महासंघका निष्ठावान् र सक्रिय सिपाही पनि हुन् । पत्रकारितालाई भजाएर अहिलेसम्म उनले पेसागत मर्यादालाई लत्त्याएका छैनन् । यसैले केही लेख्दै छु ।

साहित्य र पत्रकारितामा सक्रिय उपेन्द्र खड्का र शन्तराम बिडारीले सहकार्य गरेर लेखेको यस पुस्तक पत्रकारिताका विद्यार्थीहरू र पत्रकारितामा रुचि राख्ने जो-कोहीलाई महत्वपूर्ण छ भन्ने लाग्छ । सहलेखक उपेन्द्र पनि उस्तै उम्दा पत्रकार हुन् । 'आमसञ्चारको परिचय' नामक यस पुस्तक त्रिभुवन विश्वविद्यालय स्नातक तह (बीए) तेस्रो वर्ष पत्रकारिताअन्तर्गतको पाठ्यक्रममा आधारित छ । यस सानो पुस्तकले आमसञ्चारका विविध आयामलाई समेट्ने कोसिस गरेको छ ।

मूलतः यस पुस्तकका चार अध्यायमा आमसञ्चारका विविध आयामका बारेमा चर्चा गरिएको छ । अध्याय एकमा पत्रकारिता र आमसञ्चारको विशेषताको चर्चा गरिएको छ । दोस्रो अध्यायमा पत्रकारिताका सिद्धान्त र अभ्यासको व्याख्या छ । अध्याय तीनमा विशिष्ट मुद्दामा समाचार लेखन तथा अध्याय चारमा मिडियाका लागि कानुनी तथा नैतिक दृष्टिकोणबारे संक्षिप्त चर्चा गरिएको छ । आमसञ्चारमा रुचि राख्ने जो-कोहीलाई पनि यी सामग्री रोचक र पठनीय रहेको छ ।

लेखकद्वयले पत्रकारिताको आठ वटा तत्वको चर्चा गरेका छन् । ती तत्वहरू पत्रकारिताको गर्नेहरूका लागि निकै महत्वपूर्ण मानिन्छ । समाचार असामान्य विषयले बन्छ । समाचारमा प्रायः समसामयिक घटना समेटिन्छ । कतिपय समाचारमा सर्वकालिकताको गुणका पनि हुन्छन् ।




निकटताको सवाल पनि समाचारमा महत्वपूर्ण मानिन्छ । हरेक समाचारमा मानवीय अभिरुचिलाई ध्यान दिनुपर्ने हुन्छ । मानिसले आर्जन गरेको ख्याति पनि समाचारमा लागि महत्वपूर्ण मानिन्छ । घटनाको परिणाम र घटनासँग जोडिएको द्वन्द्व पनि समाचारका तत्व हुन् । यी आठ तत्वहरूलाई बुझ्दा समाचारलाई बुझ्न सकिन्छ । खासगरी समाचार बन्नका लागि छ वटा 'क' को भूमिका निकै महत्वपूर्ण मानिन्छ । अंग्रेजीमा 'फाइभ एच'लाई महत्व दिइए जस्तै नेपालीमा 'पाँच क'को भूमिका महत्वपूर्ण हुन्छ । कुनै घटना घट्दा ती तत्वहरू प्रयोगमा आउँछन् । ती हुन्- को, के, कहाँ, किन, कस्तो ! यी तत्वहरू साहित्य सिर्जना र सिनेमाको बनोटमा समेत प्रयोग गरिन्छ । लेखकद्वयले यी तत्वहरूको संक्षिप्त चर्चा गरेका छन् । पत्रकारितामा विद्यार्थीहरूले यी तत्वबारे अवश्य बुझ्नुपर्ने हुन्छ । त्यहीअनुरूप पत्रकारिता गर्नुपर्ने हुन्छ ।

अहिले युगलाई डिजिटल युग भनिन्छ । युटुवकारिताले पत्रकारितालाई छपक्कै छोपेको छ । पत्रकारिताको मूल्य हराउँदै गएको छ । पत्रकारिताको सतही अध्ययनले गर्दा यो स्थिति सिर्जना भएको हो । लेखकद्वय बिडारी र खड्काले सम्पादनको सिद्धान्तसँग जोडिने १० बुँदाहरूको चर्चा यस पुस्तकमा गरेका छन् । सम्पादन र रिपोर्टिङका लागि निम्न कुरा हुन जरुरी छ- (१) सत्य र तथ्यपरक (२) स्वतन्त्र, तटस्थ र तथ्यपरक (३) पूर्वाग्रहरहित (४) मानवीय (५) जवाफदेही (६) गोप्यताको सम्मान (७) स्रोतको सुरक्षा (८) पारदर्शिता (९) स्वार्थको टकराब (१०) समाचारमा केन्द्रित, (आमसञ्चारको परिचय, पृ. ६२) ।

अहिले यी १० तत्वको समायोजन पत्रकारितामा बिरलै गरिन्छ, जसका कारण पत्रकार र समग्र पत्रकारिताप्रति जनविश्वासमा कमी आएको छ । एक्काइसौँ शताब्दीमा समाचारीय मूल्य (न्युज भ्यालु) कति छ भनेर चर्चा गर्न जरुरी छ । समाचारको मूल्य निर्धारण गर्ने तत्वहरू जानकारी नहुँदा समाचारले मूल्यमा ह्रास आउँछ । यस सन्दर्भमा लेखकद्वय लेख्छन्- बिसौँ शताब्दीको सुरुवातका वर्षसम्म पनि मिडियाको विकासका दृष्टिले अग्रपंक्तिमै रहेका देशमा समेत खराब घटना वा खबर नै राम्रो समाचार बन्छ भन्ने धारणा व्याप्त थियो । समाचार बन्ने गुणका लागि नयाँ-नौलोका अतिरिक्त निकटता, मानव अभिरुचि अनि विशिष्ट र महत्वपूर्ण जस्ता गुणहरू पनि आवश्यक हुन्छ भनेर भनिएको साथै, प्रयोग गरिएका छन् । तर, व्यवहारमा आजसम्म पनि यो विषयमा त्यति सजिलै एकरूपता हुने गरेको छैन, (आमसञ्चारको सिद्धान्त, पृ. ४२/४२) ।

आजकाल पत्रकारितालाई राम्रोसँग पर्गेल्न सक्ने पत्रकारहरूको कमी छ । विश्वविद्यालयमा पत्रकारिता पढ्ने विद्यार्थीहरू कम छन् । लेखकद्वयले चर्चा गरे जस्तै खराब घटना वा खराब नै समाचार हो भन्ने मान्यता एक्काइसौँ शताब्दीमा पनि व्याप्त छ । तर, स्थिति त्यति मात्र सीमित छैन । पत्रकारितामार्फत दुनियाँका एकदम लुकाइएका/छोपिएका राज्य समाज अनेकौँ मान्यताद्वारा प्रताडितहरूका पीडा र दर्द पनि बाहिर आएका छन् ।

उमा नारुलाले भनेकी छिन्- सञ्चार भनेको शाब्दिक, दृश्यात्मक र लिखित सन्देशहरूको प्रयोगबाट विचारको आदान-प्रदान गर्ने काम हो । लेखकद्वयले यो महत्वपूर्ण भनाइलाई पनि उल्लेख गरेका छन् । साँच्चै विचारको आदान-प्रदान गर्ने सिलसिलामा नेपाली प्रेस पनि अगाडि बढ्दै छ । आमसञ्चारसम्बन्धी पुस्तकका लागि लेखकद्वयलाई बधाई छ । यस्ता पुस्तक प्रकाशन आउनु र बहस हुनु निश्चय नै सकारात्मक कुरा हो । यी बहसले नेपाली पत्रकारिता क्षेत्रलाई गुणस्तरीय र विश्वसनीय बनाउन अवश्य पनि भूमिका खेल्नेछ ।

## कविता

### अपरिवर्तित सत्य !



गणेश लोहनी

म जन्मेको भूखण्ड बदलियो
दौँतरी खड्ग प्रचण्ड बदलियो
विध्वंशले यो ब्रह्माण्ड बदलियो
काम बदलियो नाम बदलियो
हेर्दाहेर्दै राम बदलियो
सप्तरङ्गी घोडा नारिएका
रथमा सवार सुमेरु परिक्रमा गर्ने
सूर्यको गति बदलियो
खुकुरी लिएर तोपलाई मार हान्ने
गोर्खालीको बहादुरी बदलियो
नबदलिएको के छ ?
म अपरिवर्तित सत्य !

शुक्र र डिम्ब
मिलनपछिको भ्रुण
नवजात शिशु
बालक, किशोर, तन्नेरी, वयस्क, प्रौढ
बृद्ध अवस्था अनुसारका
नाम विशेषण
विद्यार्थी, गोठालो, खेतालो
भरिया, डकर्मी, पूजारी
कर्म अनुसारका
नाम विशेषण
बदलिइरहे
बोली, बानी, व्यवहार, सोच
सबै बदलिए
कायमै रह्यो म, राम्रो म
अपरिवर्तित सत्य !

आदर्श बदलियो
अभियान बदलियो
विचार अनि अभिमान बदलियो
नीति बदलियो, रीति बदलियो
अगुवाहरूको प्रवृत्ति बदलियो
आस्था आहाल बस्यो
इमान इनारमा डुब्यो
तृष्णा तिखारियो
लालच लठारियो
माटो बिर्स्यो, बाटो बिर्स्यो
घर बिर्स्यो, दरबार पस्यो
भौतिक स्वरूप, भावभाग्य
सबै सबै बदलिए
बदलिएन त केवल
पुरन्जनभित्रको शून्यदेखि
शून्यसम्मको साक्षी
'म'
अपरिवर्तित सत्य !!

## गजल



शैलेन्द्र थापा

पुर्खाको त्यो बीँडो थाम्ने मान्छे भेटिन
सामु पर्दा दुश्मन काम्ने मान्छे भेटिन ॥

अचम्म छ फटाहा को रजाइँ देशमा
उसैलाई सकोस् डाम्ने मान्छे भेटिन ॥

साम्राज्यका मालिक बरै भागे डरले
भागोस् दास परे साम्ने मान्छे भेटिन ॥

चिनेको छ ढुकुटी त्यो लुट्ने लुटेरा
झारी तल हड्डी छाम्ने मान्छे भेटिन ॥

जति भयो नोक्सानीको अब रोकेरै
गर्नसक्ने भर्पाइ खाम्ने मान्छे भेटिन ॥

# बाक्लो हुस्सु र शीतलहरका कारण सर्लाहीको जनजीवन कष्टकर

**घनश्याम बलम्पाकी/मध्यान्ह**
सर्लाही, ११ माघ

कठ्यांग्रिदो जाडो र शीतलहरका कारण सर्लाहीको जनजीवन कष्टकर बन्दै गएको छ । एक सातादेखि सुरु भएको बाक्लो हुस्सु र अत्यधिक तुसारो परिरहेकाले जिल्लाको जनजीवन कष्टकर बन्दै गएको हो ।

माघ महिना सुरु भएसँगै जाडो बढ्दा बालबालिका, वृद्धवृद्धा, दिर्घरोगी, अशक्त, असहाय प्रभावित भएका छन् । बाक्लो हुस्सु र तुसारोका कारण बस्तुभाउ तथा बालीनाली जोगाउन मुस्किल परेको किसानहरूको गुनासो छ । अत्यधिक चिसोका कारण सडक, बजारमा मानिसको चहलपहल पनि कम देखिन्छ ।

अहिले धेरैजसोमा चिसोका कारण रुघाखोकी, ज्वरो, टाउको, छात्ती तथा घाँटी दुख्ने, कोल्ड डायरिया, शरीर कमजोर भएको महसुस हुने जस्ता स्वास्थ्य समस्या बढेकाले सावधानी अपनाउन चिकित्सकले सुझाएका छन् ।



बाक्लो हुस्सु लागेर नजिकैको दृश्य देख्न समेत मुस्किल रहेकाले सडकमा हिँड्ने यात्रु तथा सवारी साधनलाई यात्रा गर्न पनि अप्ठ्यारो भएको छ । जिल्ला ट्राफिक प्रहरी कार्यालय सर्लाही नवलपुरका प्रहरी निरीक्षक रजोस घिमिरेले हुस्सु लागेको समयमा सवारी साधनको गति सीमित गर्न र बत्ती बालेर मात्रै सवारी साधन चलाउन चालकहरूलाई आग्रह गरेका छन् । उनले हुस्सु लागेको समयमा भिजिबिलिटी कम हुने भएकाले दुर्घटना न्यूनीकरण गर्नका लागि उखु ढुवानी गर्ने सवारी साधनको पछाडि सचेतनामूलक टल्किने ब्यानर राख्न अनिवार्य गराइएको जानकारी दिए ।

जिल्ला विपद् व्यवस्थापन समिति सर्लाहीका अध्यक्षसमेत रहेका प्रमुख जिल्ला अधिकारी तुलसीबहादुर श्रेष्ठका अनुसार माघको दोस्रो साताबाट सुरु भएको कठ्यांग्रिदो जाडो र शीतलहरका कारण सर्लाहीको जनजीवन कष्टकर बन्दै गएकाले आफूले सबै पालिका प्रमुख र डिभिजन वन कार्यालयलाई नागरिकको समस्यामा संवेदनशील भइदिन आग्रह गरेको बताए ।

# प्रवासी नेपाली मञ्च मलेसियाले सेल्टर हाउस स्थापना गर्ने



**मलेसिया/मस**–प्रवासी नेपाली मञ्च मलेसियाले सेल्टर हाउस स्थापना गर्ने घोषणा गरेको छ । युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीको प्रमुख आतिथ्यतामा सम्पन्न '९औं वार्षिक उत्सव तथा माघी संक्रान्ती कार्यक्रम -२०२५' को अवसरमा थारु कल्याणकारी सभाले आयोजना गरेको कार्यक्रममा अतिथि वक्ता एवं मञ्चका अध्यक्ष दयाराम कुमालले उक्त घोषणा गरेका हुन् ।

प्रवासी नेपाली मञ्चले नेपाली राजदूतावाससँग समन्वय गरेर विभिन्न कारणले मलेसियाको डिटेन्सन केन्द्रमा रहेका नेपालीहरूलाई स्वदेश फर्किन एकतर्फी हवाई टिकट उपलब्ध गराउदै आएको स्मरण गराउदै अध्यक्ष कुमालले प्रवासी नेपाली मञ्चले 'पिडीत श्रमिक उद्धार कोष' स्थापना गरी पिडीत श्रमिकहरूलाई सहयोग गर्दै आईरहेको जानकारी दिए ।

'आगामी दिनहरूमा पनि मञ्च सहयोग कार्य गर्न तत्पर छ', कुमालले भने, 'खासगरी पीडितहरूको उद्धारमा अति आवश्यक देखिएको खाने, बस्नेको प्रबन्ध मिलाउनु नै हो ।' यहि आवश्यकतालाई मध्यनजर गर्दै जिफण्ड, पिएनसीसीलगायतका संस्थाहरूसँग सहकार्य गर्दै मञ्चले सेल्टर हाउसस्थापना गर्ने घोषणा गरेको हो ।

मलेसियामा स्थापित विभिन्न नेपाली संघ-संस्थाका प्रतिनिधिहरू उपस्थित कार्यक्रममा सेल्टर हाउस स्थापना गर्ने मञ्चको घोषणालाई स्वागत गर्दै कार्यक्रमका विशेष अतिथि एवं मलेसियाका लागि नव नियुक्त राजदूत डा. नेत्र प्रसाद तिमल्सिनाले दूतवासले गर्ने सेवा प्रवाहको सन्दर्भमा सिमित मानव संसाधनबाट असिमित सेवा प्रवाह गर्नु पर्ने बाध्यता रहेको र पर्याप्त जनशक्ति नहुदा अत्याधिक दवावमा कार्यसम्पन्न गर्नु परिरहेको अवस्थामा दूतवास रहेको उल्लेख गरे ।

यद्यपि सेवा प्रवाहमा कमी कमजोरी गर्ने छुट दुतवासलाई नभएको र सेवा प्रवाहको सवालमा दूतवास कोहि कसैसँग सम्झौता नगरी सदैव निस्वार्थ रुपमा कार्य सम्पादन गर्न प्रतिवद्ध हुने प्रतिवद्धता व्यक्त गर्दै राजदूत डा.तिमल्सिनाले भने,'त्यसको लागि मलेसियामा जे-जति नेपाली संघ-संस्थाहरू छन् राजदूतावास सबैसँग सहकार्य र हातेमालो गर्न तत्पर रहने छ ।'

# गरुडामा पहिलो व्यापार महोत्सव सुरु

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ११ माघ

रौतहटको मध्यभागमा रहेको गरुडामा पहिलो व्यापार तथा पर्यटन महोत्सव सुरु भएको छ । गरुडा नगर उद्योग वाणिज्य संघको आयोजनामा सुरु भएको महोत्सवको प्रमुख अतिथि प्रतिनिधि सभा सदस्य बिणादेवी साहले उद्घाटन गरेकी छन् ।

उद्घाटन कार्यक्रममा प्रमुख अतिथि साहले आर्थिक मन्दीको समयमा स्थानीय व्यापारीहरुलाई यस महोत्सवले व्यापार वृद्धि गर्न मद्दत पुग्ने बताइन् । यस महोत्सवले गरुडा नगरपालिकाका नागरिकहरुलाई आर्थिक पहुँचसँगै आयआर्जनमा सुधार ल्याउन सघाउने उनको विश्वास रहेको छ ।

कार्यक्रममा गढीमाई नगरपालिकाका नगर प्रमुख श्याम प्रसाद यादवले महोत्सवले केवल व्यापारीहरुलाई मात्रै लाभ नपुऱ्याइ सम्पूर्ण व्यापारीलाई फाइदा पुग्ने बताए । उनले सुरक्षा सुनिश्चित गर्न सीसी क्यामरा जडान गर्ने प्रतिबद्धता पनि जनाए । महोत्सवमा विभिन्न प्रकारका स्टलहरु राखिएका छन् । जसमा कृषि उत्पादन, हस्तकला, स्वदेशी उत्पादित वस्तुहरु, शिक्षा सामग्री प्रदर्शनी, र स्वास्थ्य एवं पर्यटनसँग सम्बन्धित स्टल रहेका छन् । यस अवसरमा रौतहट जिल्लाका कृषिजात उत्पादनहरुको प्रदर्शनी पनि गरिएको छ ।

नगरपालिकाकी उपप्रमुख पुनम चौधरीले महोत्सवले सीप हस्तान्तरण गर्न र छोटो अवधिको रोजगार प्रदान गर्न सहयोग पुग्ने बताइन् । उनले यसले आर्थिक गतिविधिहरुमा गति ल्याउने



बताइन् । गरुडा नगर उद्योग वाणिज्य संघका अध्यक्ष सतिश कुमार साहले महोत्सवको उद्देश्य र महत्वबारे जानकारी गराउँदै भने, 'हाम्रो प्रयासले यहाँका व्यवसायीहरुलाई आर्थिक राहत र अभ्यस्तता प्रदान गर्ने भएको छ ।'


महोत्सवमा करिब दुई लाख भन्दा बढी दर्शकले अवलोकन गर्ने मूल आयोजक समितिका संयोजक रामबाबु साह तेलीले बताए । पन्ध्र दिनसम्म संचालन हुने महोत्सवमा ९ करोड रुपैयाँ बराबरको कारोबार हुने अनुमान गरिएको छ ।

महोत्सवमा बृन्दावन नगरपालिकाको पूर्व नगरप्रमुख रामस्नेही यादव, गरुडा नगरपालिकाको मेयर प्रत्यासी बृजकिशोर यादव, मेयर प्रत्यासी सुनिल यादव, नेपाल सुनचाँदी व्यवसायी महासंघ मधेश प्रदेशका अध्यक्ष रामजी साह सोनार,जसपाका युवा नेता राजकुमार दास लगायतले मन्तव्य राख्दै महोत्सव सफलताको कामना गरेका थिए । १५ दिनसम्म संचालन हुने महोत्सवमा विभिन्न कार्यक्रम, प्रदर्शनी र सांस्कृतिक गतिविधिहरु आयोजना गरिने योजना बनाइएको छ ।

# पुराना व्यवसायी शर्माको निधन

**काठमाडौं/मस**– पुराना वैदेशिक रोजगार व्यवसायी मोभिरा ओभरसिज सर्भिस प्रा.लि. का संचालक मोहनाथ शर्माको निधन भएको छ । नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पूर्वकार्यसमिति सदस्य, सल्लाहकार एवं धौलाश्री समाजका पूर्वअध्यक्ष शर्माको ७९ वर्षको उमेरमा शुक्रबार बिहान निधन भएको हो ।

स्व.शर्माको आजै पशुपति आर्यघाटमा दाहसंस्कार गरिएको छ । स्व.शर्माका ४ छोरा रहेका छन् । संघका अध्यक्ष राजेन्द्र भण्डारी, नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनका अध्यक्ष दीपक थापा, प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालका अध्यक्ष जनक रावल,



वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चलगायत व्यवसायीहरूले शर्माको निधनप्रति दुःख व्यक्त गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकाकुल परिवारजनमा गहिरो समवेदना प्रकट गरेका छन् ।

# ज्येष्ठ नागरिकलाई घरमै सम्मान

**सुमन महतारा/मध्यान्ह**
गुल्मी, ११ माघ

गुल्मीको रेसुङ्गा नगरपालिकाका मेयर खिलध्वज पन्थीले घरमै पुगेर ज्येष्ठ नागरिकहरुलाई सम्मान गरेका छन् । शुक्रबार मेयर पन्थीले ७५ वर्ष माथिका ज्येष्ठ नागरिकहरुलाई घरमै पुगेर सम्मान गरेका वडा नम्बर -१ का वडाध्यक्ष रामप्रसाद पन्थीले जानकारी दिए । मेयर पन्थीले हर्लिस, थर्मस र टोपी लगाइदिएर सम्मान गरेका थिए ।

शुक्रबार बिहान झन्डै ३५ जना जेष्ठ नागरिकलाई सम्मान गर्न घरमै पुगेका मेयर पन्थीले सधैं यसै गरी घरमै आएर सम्मान कार्यक्रम गर्ने अवसर प्राप्त होस् भनि आशिर्वाद लिएका थिए । वडा नम्बर १ वडा कार्यालयको आयोजनामा सञ्चालन भएको कार्यक्रममा ज्येष्ठ नागरिकको स्वास्थ्य परीक्षण समेत गरिएको थियो ।



## म्याग्दि गाउँपालिका

**म्यागङ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**देउराली, नुवाकोट**

**सूचना सच्याइएको सम्बन्धमा**

**प्रकाशित मिति : २०८१/१०/१२**

यस म्यागङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको ठेक्का नं MRM/NCB/W/HP/081/82/02 "Construction of Thap Samari Health Post" को मिति २०८१/१०/११ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित विद्युतीय बोलपत्रको सूचना सी.नं २ Estimated rate inclusive VAT, PS & Contingency (NRs) रु 1,59,50,404.72 हुनु पर्नेमा अन्यथा भएकाले उक्त मितिको सूचना सच्चाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

---

**नेपाल सरकार**
**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**
**डडेल्धुरा अस्पताल**
**डडेल्धुरा**

**विद्युतिय बोलपत्र आह्वानको सूचना**

**(पहिलो पटक सूचना प्रकाशन मिति : २०८१/१०/११ गते)**

आर्थिक बर्ष २०८१/८२ मा यस डडेल्धुरा अस्पताल, डडेल्धुराले फर्निचर खरिद गर्नुपर्ने भएकोले, नेपाल सरकारबाट ईजाजत प्राप्त सम्बन्धित सप्लायर्सहरुले E-Bid गर्नका लागि यो सूचना प्रकाशन गरिएको छ । सूचनाको बिस्तृत विवरण तथा शर्तहरु www.bolpatra.gov.np/egp मा हेर्न सकिनेछ ।

**मेडिकल सुपरिन्टेन्डेन्ट**

**भुलसुधार गरिएको सूचना**

मध्यान्ह राष्ट्रिय दैनिकमा मिति २०८१/१०/११ गते यस अस्पतालको शव परीक्षण भवन (Construction of Mortuary Building) निर्माण गर्नुपर्ने भएकोले, नेपाल सरकारबाट ईजाजत प्राप्त सम्बन्धित निर्माण व्यवसायीहरूले E-Bid सम्बन्धी सूचना मिति २०८०/१०/२९ गतेको नै भुलबस प्रकाशित भएको यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

---

**कुवेतमा रोजगार** | कम्पनी : NESTO HYPERMARKET COMPANY W.L.L शहर : KUWAIT

पूर्व स्वीकृत मितिः २०८१/०५/२७ चलानी नं.: ६०२२५२५८ L.T. No.: 310682 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Warehouse Workers | 0 | 138 | स. काममा दक्ष | 120 | ५३,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ माघ १९ गते (1 February 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

BROTHERS INTERNATIONAL EMPLOYMENT PVT. LTD.
श्रम इजाजत पत्र नं.: ६१५/०६३/०६४
साबिक : (THE LINK FOR RECRUITMENT CONSULTANCY PVT. LTD.), गोंगबु, काठमाडौं, फोन : ०१-५९१९८११, ०१-५९१९८१२
Kathmandu No: 9851122190, 9851041811, 9805865194, 9805865193, 9805865192, 9823301035

---

**रावा बेसी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**हरमटार, कुभिण्डे, खोटाङ**
**कोशी प्रदेश, नेपाल**

**सेवा करारमा पदपूर्ति सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८१/१०/१० गते**

यस रावा बेसी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गतका कार्यालयको लागि सेवा करार प्रकृयाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिमको योग्यता पुगेका उम्मेदवारहरुबाट सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र दरखास्त आह्वान गरिन्छ ।

**माग गरिएको पदहरु:**

| क्र. स. | विज्ञापन नं. | पद /तह/श्रेणि | सेवा/समूह | पद संख्या | न्युनतम शैक्षिक योग्यता | दरखास्त दस्तुर | तलब /स्केल |
|---|---|---|---|---|---|---|---|
| १ | १०-२०८१/०८२ | अ.न.मि./सहायक चौथो | स्वास्थ्य/ प.हे.न. | २ (दुई) | एस.एल.सी उतीर्ण गरी ANM कोर्ष उतीर्ण गरी NNCC मा दर्ता भएको | १०००। | नेपाल सरकारको स्वीकृत स्केल अनुसार |
| २ | ११-२०८१/०८२ | हे.अ./सहायक पाँचौ | स्वास्थ्य/ हे ई | २ (दुई) | मान्यता प्रप्त संस्था बाट सामान्य चिकित्सामा प्रमाण पत्र तह कोर्ष उतिर्ण गरी NHPC मा दर्ता भएको | १०००। | |
| ३ | १२-२०८१/०८२ | अ.हे.व./सहायक चौंथो. | स्वास्थ्य/ हे ई | १ (एक) | एस.एल.सी उतीर्ण गरी सि.एम.ए. कोर्ष उतीर्ण गरी CMA मादर्ता भएको | १०००। | |

१. दरखास्त दिने स्थान रावा बेसी गाउँपालिकाको कार्यालय हरमटार कुभिण्डे खोटाङ ।
२. परीक्षाको किसिम लिखित तथा मौखिक ।
३. **न्यूनतम शैक्षिक योग्यता**
अ.न.मि को हकमा व्यतिगत विवरण, नेपानी नागरिकताको प्रमाण पत्र, शैक्षिक योग्यताको प्रमाण पत्रहरु १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको तथा नेपाल नर्सिङ काउन्सिलको प्रमाण पत्र, विदेशि शैक्षिक सस्थाबाट अध्ययन पुरा गरेको हकमा नेपाली विश्वविद्यालयवाट समकक्षता निर्धारण गरेको हुनु पर्नेछ ।
हे अ.को हकमा व्यतिगत विवरण, नेपाली नागरिकताको प्रमाण पत्र, शैक्षिक योग्यताको प्रमाण पत्रहरु, पुरुषको हकमा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको महिलाको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको तथा नेपाल स्वास्थ्य व्यवसायी परीषदको प्रमाण पत्र, विदेशी शैक्षिक संस्थाबाट अध्ययन पुरा गरेको हकमा नेपाली विश्वविद्यालयवाट समकक्षता निर्धारण गरेको हुनु पर्नेछ ।
अ हे व को हकमा व्यतिगत विकरण, नेपाली नागरिकताको प्रमाण पत्र, शैक्षिक योग्यताको प्रमाण पत्रहरु, पुरुषको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको महीलाको हकमा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको तथा नेपाल स्वास्थ्य व्यवसायी परीषदको प्रमाण पत्र विदेशी शैक्षिक सस्थाबाट अध्ययन पूरा गरेको हकमा नेपाली विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको हुनु पर्नेछ ।
४. आवेदनको लागि संलग्न गर्नु पर्ने कागजातहरु व्यक्तिगत विवरण, नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपी, उपलब्ध भएसम्म कार्य अनुभवको प्रमाण पत्रको प्रतिलिपी, सम्बन्धित विषयको काउन्सिल दर्ता नविकरण प्रमाण पत्रको प्रतिलिपी, अनिवार्य रुपमा पेश गर्नुपर्ने छ । आवेदन फारम साथमा तोकिएको आवेदन दस्तुर यस कार्यालयको राजस्व शाखामा बुझाएको सक्कलै नगदि भौचर अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।
५. दरखास्त फारमः रावा बेसी गाउँपालिकाले तोकेको ढाँचामा भरी रावा बेसी गाउँपालिकाको कार्यालयमा तोकिएको म्यादभित्र बुझाउनु पर्नेछ। वा यस कार्यालयको वेबसाईट www.rawabesimun.gov.np मा गई आवेदन फारम डाउनलोड गर्न सकिने छ ।
* दखास्त दिने अन्तिम मिति सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र ।
६. परीक्षा मिति सूचना प्रकाशित गरी तोकिने छ ।
थप जानकारीको लागि सम्पर्क ९८५२८५७१११ तथा rawabesigaupalika@gmail.com

**प्रमुख प्रशासकीय अधिकृत**

## कर प्रणालीमा ह्याक

# भाटभटेनीको करलाई ह्याकरले बनाइदिए दोब्बर

**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ माघ ।

२ जना ह्याकरले व्यवसायी मिनबहादूर गुरुङको भाटभटेनी सुपर स्टोर्सको कर प्रणाली ह्याक गरेर राज्यलाई भुक्तान गर्नुपर्ने कर दोब्बर बनाइदिएका छन् । केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी)का अनुसार पर्वतको बिहादी गाउँपालिका ३ घर भएका सन्तोष पराजुली र गोरखाको भीमसेन थापा गाउँपालिका ४ घर भएका परिन पाण्डेले भाटभटेनीको कर प्रणाली ह्याक गरेर सो काम गरेका हुन् । उनीहरूलाई माघ ५ गते पक्राउ गरेर सिआईबीले अहिले अनुसन्धान गरिरहेको प्रवक्ता सुधिरराज शाहीले बताएका छन् ।

आन्तरिक राजस्व विभागको सफ्टवेयरबाट भाटभटेनी सुपरमार्केटको युजर आइडीको अनधिकृत प्रयोग गरी अस्वाभाविक कर विवरण पेस गरेको हुँदा आवश्यक अनुसन्धान तथा कारबाहीका लागि विभागले गत पुस २५ गते सिआइबीलाई पत्र पठाएको थियो । प्रक्राउ परेका पराजुली र पाण्डे हाल चितवनको भरतपुर महानगरपालिका ११ मा






लेखापरीक्षण गर्ने निजी फर्म बिहादी बिजनेस म्यानेजमेण्टमा आबद्ध रहेर काम गर्दै आएका थिए । भाटभटेनी सुपरमार्केटबाट सरकारलाई प्राप्त हुने राजस्वको दायराभित्र आउने जम्मा कारोबार रकम २ अर्ब ३४ करोड १६ लाख ४२ हजार ८१६ रुपैयाँको राजस्व कर दायित्व ६ करोड २६ लाख ९४ हजार १९ रुपैयाँ थियो । तर, पराजुली र पाण्डेले आन्तरिक राजस्व कार्यालयको एकीकृत कर प्रणाली सूचनामा पहुँच पुऱ्याएर उक्त तथ्यांकलाई परिवर्तन तथा हेरफेर गरी १३ करोड ९ लाख ५९ हजार ६०९ रुपैयाँ गलत तथ्यांक राखेर करदातालाई बढी कर दायित्व सृजना गराएको प्रारम्भिक अनुसन्धानबाट खुल्न आएको सीआईबीले जनाएको छ ।

प्रारम्भिक अनुसन्धानको क्रममा कसुरमा संलग्न व्यक्तिहरूले आफू संलग्न अडिट फर्मबाट विभागको पोर्टलमा गई विभिन्न करदाताहरूको कारोबारको विवरण आफू अनुकूल करदाताहरूको यथार्थ विवरणभन्दा बढी वा कम (फरक) हुने गरी प्रविष्ट गरी प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कसैलाई हानी नोक्सानी पुऱ्याउने र लाभ लिने गरेको सीआईबीको भनाइ छ । उनीहरूलाई विद्युतीय कारोबार ऐन, २०६३, परिच्छेद ९ (कम्प्यूटरसम्बन्धी) कसूरमा प्रक्राउ गरी अनुसन्धान भइरहेको प्रवक्ता शाहीले बताएका छन् ।

साथै, विद्युतीय कारोबार ऐन, २०६३ अन्तर्गतको कसूरमा मुद्दा दर्ता गरी काठमाडौं जिल्ला अदालतमा उपस्थित गराई पहिलो पटक ७ दिनको म्याद थप भई अनुसन्धान भइरहेको सीआईबीले जनाएको छ ।

## मेटलाइफले इयर केयर नेपालसँग साझेदारी गर्दै




**काठमाडौं/मस** – मेटलाइफ नेपालले इयर केयर नेपालसँग सहकार्य गर्ने भएको छ । सहकार्यमा काठमाडौं, भक्तपुर र ललितपुरका सरकारी विद्यालयमा पूर्व प्राथमिक देखि कक्षा १० सम्मका २ हजार ४ सय बालबालिकालाई केन्द्रित गर्दै १० हप्ताको स्कूल इयर हेल्थ कार्यक्रमका लागि कम्पनीले इयर केयरसँग सहकार्य गर्ने भएको हो ।

यस पहलले दीर्घकालीन कानको स्वास्थ्य सचेतना प्रवर्द्धन गर्ने र बालबालिकामा सम्बन्धित समस्याहरूलाई रोक्नको लागि प्रारम्भिक पहिचान र शिक्षाको महत्त्वपूर्ण भूमिकालाई जोड दिने लक्ष्य राखेको छ । विद्यालय जाने बालबालिकाहरूमा कान सम्बन्धी समस्याहरूको प्रारम्भिक पहिचान र रोकथाम गर्न लक्षित छ । नेपाली रुपैयाँ ५ लाख १३ हजारको सहयोगमा, इयर केयर नेपालका कन्सल्टेन्ट ईएनटी सर्जनहरूले ८ देखि १० विद्यालयहरूमा विद्यार्थीहरूको कानको रोग र श्रवण शक्तिको स्क्रिन र उपचार गर्न जानेछन् । उक्त कार्यक्रममा पोर्टेबल अडियोग्राम मेशिनहरूले साइटमा श्रवण परीक्षणहरू सञ्चालन गरिने, साना समस्याहरूको तुरुन्तै उपचार गरिने जनाइएको छ । साथै, कार्यक्रमले विद्यार्थी, शिक्षक र अभिभावकहरूलाई संलग्न सिकाइ सामग्रीहरूमार्फत् कानको स्वास्थ्यलाई प्राथमिकता दिन कान र श्रवण स्वास्थ्य शिक्षा प्रदान गर्ने जनाइएको छ ।

'हामी यस महत्वपूर्ण पहलमा इयर केयर नेपालसँग साझेदारी गर्न पाउँदा गर्व गर्छौं', यस कार्यक्रमले कान र श्रवणलाई गम्भीर रूपमा सम्बोधन गरेर बालबालिकाको स्वास्थ्य र कल्याणमा सुधार गर्ने हाम्रो प्रतिबद्धता झल्काउँछ', मेटलाइफ नेपालका महाप्रबन्धक निर्मल काजी श्रेष्ठले भने ।

**PRICE LIST**
**Hilltake Plastic & Pipes Industries Pvt. Ltd.**
**PVC-O Fittings PN 16 (ISO 16422) & DI Fittings PN16 compatible for PVCO Pipes (ISO 2531)**

| S. N. | "DN DIAMETER (mm)" | ITEM NAME | "PRICE LIST (PER PC)" |
|---|---|---|---|
| 1 | 90 | 11,25° BEND D.I. PN16BAR | **3599** |
| 2 | 110 | 11,25° BEND PVC-O PN16BAR | 5141 |
| 3 | 125 | 11,25° BEND PVC-O PN16BAR | 8816 |
| 4 | 140 | 11,25° BEND PVC-O PN16BAR | 9299 |
| 5 | 160 | 11,25° BEND PVC-O PN16BAR | 10568 |
| 6 | 180 | 11,25° BEND D.I. PN16BAR | 8131 |
| 7 | 200 | 11,25° BEND PVC-O PN16BAR | 16365 |
| 8 | 225 | 11,25° BEND PVC-O PN16BAR | 23548 |
| 9 | 250 | 11,25° BEND PVC-O PN16BAR | 25053 |
| 10 | 280 | 11,25° BEND D.I. PN16BAR | 13611 |
| 11 | 315 | 11,25° BEND PVC-O PN16BAR | 50416 |
| 12 | 355 | 11,25° BEND D.I. PN16BAR | 22500 |
| 13 | 400 | 11,25° BEND PVC-O PN16BAR | 84200 |
| 14 | 90 | 22,5° BEND D.I. PN16BAR | 3999 |
| 15 | 110 | 22,5° BEND PVC-O PN16BAR | 5734 |
| 16 | 125 | 22,5° BEND PVC-O PN16BAR | 8604 |
| 17 | 140 | 22,5° BEND PVC-O PN16BAR | 9076 |
| 18 | 160 | 22,5° BEND PVC-O PN16BAR | 10089 |
| 19 | 180 | 22,5° BEND D.I. PN16BAR | 8601 |
| 20 | 200 | 22,5° BEND PVC-O PN16BAR | 16365 |
| 21 | 225 | 22,5° BEND PVC-O PN16BAR | 23548 |
| 22 | 250 | 22,5° BEND PVC-O PN16BAR | 25053 |
| 23 | 280 | 22,5° BEND D.I. PN16BAR | 15049 |
| 24 | 315 | 22,5° BEND PVC-O PN16BAR | 50416 |
| 25 | 355 | 22,5° BEND D.I. PN16BAR | 27000 |
| 26 | 400 | 22,5° BEND PVC-O PN16BAR | 84200 |
| 27 | 90 | 45° BEND D.I. PN16BAR | 3999 |
| 28 | 110 | 45° BEND PVC-O PN16BAR | 6286 |
| 29 | 125 | 45° BEND PVC-O PN16BAR | 9426 |
| 30 | 140 | 45° BEND PVC-O PN16BAR | 11597 |
| 31 | 160 | 45° BEND PVC-O PN16BAR | 12894 |
| 32 | 180 | 45° BEND D.I. PN16BAR | 9777 |
| 33 | 200 | 45° BEND PVC-O PN16BAR | 17997 |
| 34 | 225 | 45° BEND PVC-O PN16BAR | 28804 |
| 35 | 250 | 45° BEND PVC-O PN16BAR | 30641 |
| 36 | 280 | 45° BEND D.I. PN16BAR | 17471 |
| 37 | 315 | 45° BEND PVC-O PN16BAR | 55282 |
| 38 | 355 | 45° BEND D.I. PN16BAR | 30000 |
| 39 | 400 | 45° BEND PVC-O PN16BAR | 95816 |
| 40 | 90 | 90° BEND D.I. PN16BAR | 4399 |
| 41 | 110 | 90° BEND PVC-O PN16BAR | 7227 |
| 42 | 125 | 90° BEND PVC-O PN16BAR | 10842 |
| 43 | 140 | 90° BEND PVC-O PN16BAR | 13222 |
| 44 | 160 | 90° BEND PVC-O PN16BAR | 14700 |
| 45 | 180 | 90° BEND D.I. PN16BAR | 11949 |
| 46 | 200 | 90° BEND PVC-O PN16BAR | 23213 |
| 47 | 225 | 90° BEND PVC-O PN16BAR | 37734 |
| 48 | 250 | 90° BEND PVC-O PN16BAR | 40142 |
| 49 | 280 | 90° BEND D.I. PN16BAR | 22347 |
| 50 | 315 | 90° BEND PVC-O PN16BAR | 71142 |
| 51 | 355 | 90° BEND D.I. PN16BAR | 42000 |
| 52 | 400 | 90° BEND PVC-O PN16BAR | 114021 |
| 53 | 110 | SLIDING COUPLER PVC-O PN16BAR | 5171 |
| 54 | 125 | SLIDING COUPLER PVC-O PN16BAR | 7758 |
| 55 | 140 | SLIDING COUPLER PVC-O PN16BAR | 8017 |
| 56 | 160 | SLIDING COUPLER PVC-O PN16BAR | 8913 |
| 57 | 200 | SLIDING COUPLER PVC-O PN16BAR | 12891 |
| 58 | 225 | SLIDING COUPLER PVC-O PN16BAR | 20408 |
| 59 | 250 | SLIDING COUPLER PVC-O PN16BAR | 21711 |
| 60 | 315 | SLIDING COUPLER PVC-O PN16BAR | 39787 |
| 61 | 400 | SLIDING COUPLER PVC-O PN16BAR | 68127 |
| 62 | 110 | COUPLER PVC-O PN16BAR | 5171 |
| 63 | 125 | COUPLER PVC-O PN16BAR | 7758 |
| 64 | 140 | COUPLER PVC-O PN16BAR | 8017 |
| 65 | 160 | COUPLER PVC-O PN16BAR | 8913 |
| 66 | 200 | COUPLER PVC-O PN16BAR | 12891 |
| 67 | 225 | COUPLER PVC-O PN16BAR | 20408 |
| 68 | 250 | COUPLER PVC-O PN16BAR | 21711 |
| 69 | 315 | COUPLER PVC-O PN16BAR | 39787 |
| 70 | 400 | COUPLER PVC-O PN16BAR | 68127 |
| 71 | 110/090 | REDUCER PVC-O PN16BAR | 5499 |
| 72 | 125/110 | REDUCER PVC-O PN16BAR | 8251 |
| 73 | 140/110 | REDUCER PVC-O PN16BAR | 9216 |
| 74 | 160/110 | REDUCER PVC-O PN16BAR | 9197 |
| 75 | 160/140 | REDUCER PVC-O PN16BAR | 9590 |
| 76 | 200/160 | REDUCER PVC-O PN16BAR | 13958 |
| 77 | 225/160 | REDUCER PVC-O PN16BAR | 20329 |
| 78 | 225/200 | REDUCER PVC-O PN16BAR | 22000 |
| 79 | 250/200 | REDUCER PVC-O PN16BAR | 20211 |
| 80 | 315/250 | REDUCER PVC-O PN16BAR | 35625 |
| 81 | 400/315 | REDUCER PVC-O PN16BAR | 61941 |
| 82 | 90 | FLANGE ADAPTER PN16 | 4267 |
| 83 | 110 | FLANGE ADAPTER PN16 | 4330 |
| 84 | 125 | FLANGE ADAPTER PN16 | 5000 |
| 85 | 140 | FLANGE ADAPTER PN16 | 5800 |
| 86 | 160 | FLANGE ADAPTER PN16 | 6467 |
| 87 | 180 | FLANGE ADAPTER PN16 | 8129 |
| 88 | 200 | FLANGE ADAPTER PN16 | 9792 |
| 89 | 225 | FLANGE ADAPTER PN16 | 13613 |
| 90 | 250 | FLANGE ADAPTER PN16 | 15690 |
| 91 | 280 | FLANGE ADAPTER PN16 | 18304 |
| 92 | 315 | FLANGE ADAPTER PN16 | 20917 |
| 93 | 355 | FLANGE ADAPTER PN16 | 26740 |
| 94 | 400 | FLANGE ADAPTER PN16 | 32563 |

1. Prices are exclusive of VAT.
2. Price is per piece.
3. Prices are Ex-Hetauda

Ph:01-4988691, 9801204836, Email:- pipes@hilltake.com.np

# सिइएनको सिएसआर पहललाई समर्थन गर्दै हिमालय एअरलाइन्स



**काठमाडौं/मस** – चाइनिज इन्टरप्राइजेज एसोसिएसन अफ नेपालसँगको सहकार्यमा सामाजिक उत्तरदायित्व पहलका लागि हिमालय एअरलाइन्सले २२ जनवरी २०२५ मा प्रयास नेपालका बालबालिकाहरूको निःशुल्क स्वास्थ्य परीक्षण कार्यक्रम सम्पन्न गरेको छ । १६औँ चिनियाँ टोलीले बालबालिकाहरूको शारीरिक अवस्था तथा आवश्यकताहरूलाई ध्यानमा राख्दै उक्त कार्यक्रम गरेको हो ।

चिनियाँ नयाँ वर्षको अवसरमा नेपाल चाइनिज इन्टरप्राइजेज एसोसिएसन अफ नेपालले बालबालिकाका लागि एक वर्षको आपूर्तिसँगै दैनिक अत्यावश्यक किराना, खाजा र अन्य अत्यावश्यक सामग्रीको लागि ६ लाख रुपैयाँ समेत सहयोग गरेका छन् । २०१७ देखी प्रयास नेपाल तथा अन्य अनाथालयहरूलाई सहयोग गर्दै हिमालय एअरलाइन्स 'हामीले गर्ने सबै कुरा सानो योगदान हुन सक्छ तर यी बालबालिकाको निर्दोष मुस्कान र दृढताले हामीलाई अनन्त शक्ति प्रदान गर्दछ, बालबालिकाहरू खुसी तथा स्वस्थ रुपमा हुर्किएको देख्न पाउनु नै हाम्रो लागि सबैभन्दा ठूलो प्रेरणा हो', कार्यक्रममा हिमालय एअरलाइन्सका अध्यक्ष झो एनयोङले भने ।

२००३ मा स्थापना भएदेखि प्रयास नेपालले विशुद्ध रूपमा अनाथ बालबालिकाहरूको जीवन सुधार गर्न प्रतिबद्ध भई गैर-नाफामुखी र गैर-सरकारी संस्थाको रूपमा काम गर्दै आएको छ । हाल, अनाथालयले १८ बालबालिकाको हेरचाह गर्दै आएको छ ।

# राजेन्द्र मल्ल वाणिज्य सेवा पदकबाट सम्मानित




**काठमाडौं/मस** – नेपाल चेम्बर अफ कमर्सका निवर्तमान अध्यक्ष एवं नेपाल निर्जीवन व्यवसायी संघका अध्यक्ष राजेन्द्र मल्ल विशिष्ट वाणिज्य सेवा पदकबाट सम्मानित भएका छन् । तेस्रो विराट म्युजिक एण्ड फिल्म अवार्ड २०८१ को अवसरमा मल्ल सम्मानित हुनुभएको हो । व्यापार र उद्योग क्षेत्रको विकासमा पुऱ्याएको योगदानको कदर स्वरूप मल्ल सम्मानित भएका हुन् । उनी ४० वर्षदेखि व्यावसायिक क्षेत्रमा सक्रिय र नेतृत्वदायी भूमिकामा रहँदै आएका छन् ।

व्यावसायिक नेतृत्वमा रहेर सामाजिक क्षेत्रमा मल्लले गरेको योगदानको कदर स्वरूप चेम्बरका निवर्तमान अध्यक्ष मल्ललाई सम्मान गरिएको आयोजकले जनाएको छ । अध्यक्ष मल्लले कर्पोरेटसँगै सामाजिक क्षेत्रमा पनि विभिन्न अभियान चलाउँदै आएका छन् । सम्मानपछि मल्लले कर्पोरेट क्षेत्रबाट सामाजिक क्षेत्रमा थप काम गर्नका लागि प्रेरणा मिलेको बताए ।

पूर्व भौतिक पूर्वाधार तथा यातायात मन्त्री प्रकाश ज्वाला र चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसीले मल्ललाई संयुक्त रूपमा सम्मान गरेका थिए । मल्लले नेपालको व्यापार र उद्योग क्षेत्रको विकासमा पुऱ्याएको योगदानको प्रशंसा गर्दै सो सम्मानपत्र प्रदान गरिएको जनाइएको छ ।

## UAE मा रोजगार

कम्पनी: MOHAMMED ABDULMOHSIN AL-KHARAFI & SONS L.L.C शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/०६/२३ चलानी नं.:६०२२६५१४ LT. No.: 312025 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 193 | 0 | स. काममा दक्ष | 900 | ३३,८२२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ माघ १९ गते (1 February 2025) मा हुनेछ ।

SHR Support Human Resources Pvt. Ltd. (Foreign Employment Services, Nepal)
सपोर्ट ह्युमन रिसोर्सेज प्रा. लि.
सिनामंगल, काठमाडौं, नेपाल, फोन: ४१११२६
श्रम इजाजत पत्र नं.: ६६१/०६३/०६४

## साउदीमा रोजगार

कम्पनी : AL SAFI DANONE CO. LTD. शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८१/१०/१० चलानी नं.: ६०२३१८१५ LT. No.: 317570

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 40 | 0 | स. काममा दक्ष | 1800 | ६६,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ माघ १९ गते (1 February 2025) मा हुनेछ ।

SHIKHAR INT'L MANPOWER Services Pvt. Ltd.
Shikhar House, Near Radisson Hotel
Lazimpat - 2, Kathmandu, Nepal
Tel.: 4541707 (6 Line). www.shikharmanpower.com.np

## कतारमा रोजगार

कम्पनी: QATAR AERATED CONCRETE INDUSTRIES CO WLL शहर: DOHA
पूर्व स्वीकृत मिति: २०८१/०१/२५ चलानी नं.: ६०२१९१३० LT. No.: 304377 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Machine Operator | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1900 | ७१,९३४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Labour | 3 | 0 | | 1000 | ३७,८६० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ माघ १९ गते (1 February 2025) मा हुनेछ ।

Topaz International Pvt. Ltd.
Gayatri Bhawan, 3rd Floor, Maitidevi,Gyaneshwor, Kathmandu. Nepal. Tel.: +977– 014512650
Gov Lic No 547/062/063

## कुवेतमा रोजगार

कम्पनी: MODEL FACTORY COMPANY FOR CARPENTRY WORKS शहर: Kuwait
पूर्व स्वीकृत मिति: २०८१/०४/३० चलानी नं.: ६०२२३५६६ LT. No.: 308941 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | KD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrical Helpers | 3 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ५३,७३९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Shuttering/ Finishing Carpenter | 25 | 0 | | 120 | ५३,७३९ | | | | | | | |
| 3. | Sofa Maker | 5 | 0 | | 120 | ५३,७३९ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ माघ १९ गते (1 February 2025) मा हुनेछ ।

SHARON MANPOWER SERVICES PVT. LTD.
P.O. Box : 10443, Maharajgunj-04, Kathmandu, Kapan Marg
Phone : 01-4370530, 01-4370922, 01-4370457
Mobile: 974-6491713/ URL: www.sharonmanpower.com
Email: sharonhrsolution@gmail.com, Info@sharonmanpower.com
Govt Lic. NO. 647/063/064

## साउदीमा रोजगार

कम्पनी: AL-ADHAMAIN CO. LTD. FOR CONTRACTING & MAINTENANCE शहर: SAUDI
पूर्व स्वीकृत मिति: २०८१/१०/१० चलानी नं.: ६०२३१८८५ L.T. No.:317600

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker / Labour | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Heavy Truck Drivers | 5 | 0 | | 1800 | ६६२४० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८१ माघ १९ गते (1 February 2025) मा हुनेछ ।

PERFECT DESTINATION PVT. LTD.
Kupondole -10, Lalitpur, Nepal Tel 01-5269014, 01-5268998 | Fax 01-5261021
Email: perfect.destination2011@gmail.com, info@perfectdestination.com.np
Govt. License No: 941/067/068

## UAE मा रोजगार

कम्पनी : GOLDEN DUNES CONTRACTING LLC शहर : UAE
पूर्व स्वीकृत मिति: २०८१/१०/१० चलानी नं.: ६०२३१८८४ LT. No.: 317708

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Blacksmith | 50 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४५,०९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Brick Mason Assistant | 50 | 0 | | 1200 | ४५,०९६ | | | | | | | |
| 3. | Carpenter Asst | 50 | 0 | | 1200 | ४५,०९६ | | | | | | | |
| 4. | Painter | 50 | 0 | | 1200 | ४५,०९६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ माघ १९ गते (1 February 2025) मा हुनेछ ।

PREMIUM HUMAN RESOURCE PVT.LTD.
Samakhusi -03, Kathmandu, Nepal, Tel No: 01–5917815, 5917814
Mobile : 9801080183, 9801029663, 9801044493, 9801021737, 9801080059, 9801044492, 9817002440, 9801080096
Email: hr@premiumhr.com.np, Web: www.premiumhr.com.np
श्रम इजाजत नं. १६३१/०८०/०८१

## वर्गीकृत डिस्प्ले विज्ञापन

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६२/०३/१५ गतेका दिन दर्ता भएको प्रा.लि. दर्ता नं. **३५०१८** को **इन्फो प्लस प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/१०/१० को निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको ब्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**मोटरसाईकल हराएको सूचना**

मिति २०८१/०९/२० गते अ. २२:०० बजेको समयमा जिल्ला भक्तपुर मध्यपुर ठिमी नगरपालिका-९, सिन्टिटार बोडे घर कोठामा पार्किङ गरि राखेको बा.प्र. ०२–०४९ प ८७३९ नम्बरको खैरो/रातो रङको 200 CC पल्सर मोटरसाईकल हराएकोले फेला पार्नुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खवर गरिदिनुहोला ।
**सवारी धनी** : कस्मिक बचत तथा ऋण सहकारी संस्था
**ऋणिको नाम** : आयुष लामा
**च्यासिस नं.**: MD2A36FX8MC497795
**इन्जीन नं.**: JLXCMH93032
**सम्पर्क** : ९८६१२९७६६४

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८१/१०/१२**

**हेल्थ पल्स फार्मेसी प्रा.लि.** को २०८१/१०/०३ गते सम्पन्न वार्षिक/ विशेष/ साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **सिजन हेल्थ फार्मेसी प्रा.लि. (प्रा.लि. नं.: ३५३०५४)** कायम गर्ने गरी मिति २०८१/१०/०९ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

मध्यान्ह
www.madhyanhadaily.com
गो.हु.का.द.नं. ३३/०६९/०७०
१२ माघ २०८१ शनिबार
25 January 2025, Saturday




## 'लाज शरणम्' पोस्टर

# अफताव आलमको लुक्समा धुर्मुस !

बहुप्रतीक्षित नेपाली चलचित्र 'लाज शरणम्'को नयाँ पोस्टर सार्वजनिक भएको छ। यस पोस्टरले चलचित्रका नयाँ क्यारेक्टरलाई सार्वजनिक गर्दै दर्शकको ध्यान आकर्षित गरेको छ।

पोस्टरमा चलचित्रका मुख्य कलाकारहरू मुकुन्द श्रेष्ठ, महेश त्रिपाठी, विजय बराल, अर्पण थापा र कमलमणि नेपाललाई प्रस्तुत गरिएको छ। विशेष रूपमा पोस्टरमा अभिनेता सीताराम कट्टेल (धुर्मुस)को गेटअप चर्चामा छ। नेताको भूमिकामा रहेका कट्टेललाई दौरा-सुरुवाल र ज्वारीकोटमा देखाइएको छ। उनी हात उठाएर अभिवादन गरिरहेका छन्, जसले उनको राजनीतिक चरित्रको संकेत गर्छ।

उनको लुक्सले पूर्वमन्त्री तथा कांग्रेस नेता मोहम्मद अफताव आलमलाई झल्काएको अनुमान गरिएको छ। साथै, पोस्टरमा कफिन बोकेका स्थानीयहरूको दृश्यले चलचित्रको गहिरो कथावस्तु झल्काएको छ।

'लाज शरणम्' हास्य टेलिश्रृंखला 'सक्किगोनि' टिमले निर्माण गरेको चलचित्र हो। यसमा अर्जुन घिमिरे (पाँडे), सागर लम्साल (बले), हरिष निरौला (ऋकोज), प्रियाना आचार्य (मुन्नी)लगायतका कलाकारले अभिनय गरेका छन्।

चलचित्रको निर्देशन कुमार कट्टेल 'जिग्री ब्रो'ले गरेका छन्। यसका प्रमुख कलाकारहरूमा विजय बराल, महेश त्रिपाठी, अर्पण थापा, रेणु योगी, विजय लामा, मुकुन्द श्रेष्ठ, माला लिम्बूलगायत छन्।

जेपिटी क्रियसनको ब्यानरमा निर्माण भएको चलचित्रमा नवीन श्रेष्ठ निर्माता, राम नरेश शाह र सृजना खड्का सह-निर्माताको रूपमा रहेका छन्। चलचित्रलाई सुदीप बरालले छायांकन गरेका हुन्।

'लाज शरणम्' फागुन १४ गते महाशिवरात्रिको अवसरमा प्रदर्शन हुने भएको छ। यो चलचित्रलाई यस वर्षकै प्रतिक्षित चलचित्रमध्ये एक मानिएको छ।

# 'एक्टर: टेक वन'को ओभरसिजमा बढ्यो माग



**काठमाडौं/मस–** माघ १६ गतेदेखि प्रदर्शनमा आउने प्रतीक्षित नेपाली चलचित्र 'एक्टर: टेक वन' अब नेपालसँगै विश्वका अन्य विभिन्न मुलुकमा रहेका नेपाली दर्शकमाझ रिलिज हुने भएको छ। नेपालीहरूको बसोबास रहेका विभिन्न देशहरूमा यो चलचित्र केही देशमा नेपालसँगै एकसाथ र केही देशमा दोस्रो हप्तादेखि प्रदर्शन गरिनेछ।

गत साता सार्वजनिक भएको ट्रेलरले व्यापक चर्चा पाएको छ। ट्रेलरले पाएको यो लोकप्रियतासँगै चलचित्रको ओभरसिज अधिकार धमाधम बिक्री भइरहेको छ। अमेरिकाको रिलिज अधिकार लिभेन्ट्स स्टुडियो र प्रोजेक्ट ऊर्जा, क्यानडाको अधिकार अस्त्र इभेन्ट्सले लिएको छ।

यस्तै, पुरै युरोपमा निमा भुसालको नेतृत्वमा रहेको क्या दामी इभेन्ट्सले आइ पोपर्ससँगको सहकार्यमा रिलिज गर्दैछ। अस्ट्रेलिया र न्यूजिल्यान्डमा गिरीश इभेन्ट एन्ड इन्टरटेनमेन्ट र इस्सा भाइव इभेन्टले रिलिज गर्दैछन् भने जापानमा सचिन आचार्यले विभिन्न कम्पनीहरूको सहकार्यमा रिलिज गर्दैछन्। जापान र अमेरिका रिलिजको लागि चलचित्रका अभिनेता प्रदिप खड्का आफैं जाने भएका छन्। नेपाल रिलिज पछि उनी त्यसतर्फ लाग्नेछन्। मध्यपूर्वका देशहरूमा पनि रिलिजको तयारीको अन्तिम चरणमा रहेको निर्माता थमन कुमार भण्डारीले बताए।

यसैबीच, 'एक्टर: टेक वन'को ट्रेलरले नेपाली चलचित्र उद्योगमा ऐतिहासिक सफलता हात पारेको छ। ट्रेलर सार्वजनिक भएको पाँच दिनभित्र नै यसले युट्युबमा ३० लाखभन्दा बढी भ्युज प्राप्त गरेको छ। सम्भवतः नेपाली चलचित्रको ट्रेलरमध्ये सबैभन्दा छिटो ३ मिलियन भ्युज पाउने यो नै पहिलो हो।

ट्रेलर हेरेका दर्शकहरूबाट चलचित्रको कथा, प्रस्तुति, र अभिनेता/अभिनेत्रीहरूको अभिनयप्रति अत्यधिक सकारात्मक प्रतिक्रिया प्राप्त भइरहेको छ। यो चलचित्रले ओभरसिज बजारमा पनि नेपाली चलचित्रको बजारलाई थप उचाइमा पुऱ्याउने विश्वास गरिएको छ।

राजन भुसालद्वारा निर्देशित यस चलचित्रमा प्रदिप खड्का, आना शर्मा, दिव्या रायमाझी, राजबल्लभ कोइराला, दिव्य देव, सृजना अधिकारी, उषा रजक, सुशील सिटौलालगायतका कलाकारहरूको प्रमुख भूमिका रहेको छ। चलचित्रको स्क्रिप्ट आकाश बराल र राजन भुसालले लेखेका हुन्। यस अधृत फिल्म्स् र अ मोती फिल्मको संयुक्त प्रस्तुति रहेको यो चलचित्रमा निर्माता थमन कुमार भण्डारी, क्रियटिभ प्रोड्युसर मोती कार्की र सह-निर्माता अनीश भुसाल रहेका छन्।

# हरि कटुवालले ल्याए 'नयाँ बाटो रोज्दै छु'




**काठमाडौं/मस–** गायिका समीक्षा अधिकारी स्वरमा 'नयाँ बाटो रोज्दै छु' बोलको गीत सार्वजनिक भएको छ। हरि कटुवालको शब्द रहेको गीतमा वरिष्ठ संगीतकार सन्तोष श्रेष्ठको संगीत रहेको छ।

गीता ढुंगाना र पर्वत गदाइलीको अभिनय रहेको म्युजिक भिडियोको छायांकन र निर्देशन देवराज आचार्यले गरेका हुन्। सञ्जीव बराइलीको एरेन्ज, किशोर थापाको मिक्सिङ मास्टरिङ रहेको म्युजिक भिडियोको सम्पादन र कलर पदम सुवेदीले गरेका हुन्।

ए वान म्युजिसियन स्टुडियोमा रेकर्ड गरिएको गीतको भिडियो हाइलाइट्स नेपाल युट्युव च्यानलबाट सार्वजनिक गरिएको छ।

म्युजिक भिडियोमा युवा युवतीबीचको सफल हुन नसकेको प्रेम देखाइएको छ भने पीडाका बाबजुद आफूलाई बलियो बनाएर अघि बढ्न सकिन्छ भन्ने सन्देश दिइएको छ।

# 'मिसिङ: केटी हराएको सूचना' प्रदर्शनमा

**काठमाडौं/मस–** शुक्रबारदेखि चलचित्र 'मिसिङः केटी हराएको सूचना'को सार्वजनिक प्रदर्शन सुरु भएको छ। यस अगाडिका शुक्रबार दुई नेपाली चलचित्र प्रदर्शनमा आए पनि यस शुक्रबार भने एक मात्र चलचित्र प्रदर्शन भएको हो।

यसको निर्माण कम्पनी ट्राई सिटी पिक्चर्सले नेपालभरका चलचित्र भवनमा चलचित्र प्रदर्शन भएको जानकारी दिएको छ। पहाडी समुदायकी केटी र मधेशी समुदायको केटा सामाजिक सञ्जालमार्फत भेट भएपछि निम्तिने घटनाक्रमलाई चलचित्रमा देखाइएको निर्देशक दीपेन्द्र गौचनले बताए।

उनले भने, 'तराईको सौन्दर्य र यसको समृद्ध सांस्कृतिक विविधतालाई समेटेर तयार गरिएको चलचित्रले मिथिला भाषालाई पनि समेटेको छ, पहाडी र हिमाली क्षेत्रका धेरै कथा पर्दामा आए पनि मधेश कमै आएका छन्, हामीले प्रयोग गरेको स्थानीय मैथिली भाषा सहरिया दर्शकका लागि फरक हुनेछ, जसरी उजेलीको चर्चा हुन्छ, त्यसरी नै केटी हराएको सूचनालाई पनि आउँदा धेरै वर्षसम्म सम्झिरहने गरी बनाउने कोसिस गरेको छु।'



वृत्तचित्र 'उजेली', 'हाम्रो मुमिन'लगायत निर्देशन गरेर परिचित भएका निर्देशक गौचनले नेपाली चलचित्रमा कमै देखिने मधेशको कथालाई विषय बनाउनाका साथै मैथिली भाषाको प्रयोग गरेका छन्। 'भौगोलिक सांस्कृतिक विविधता र दुई फरक समुदायको मनोविज्ञानलाई चलचित्रमा समेटेर चलचित्रको कथा तयार गरिएको छ, यसले मधेशको नयाँ पाटोलाई दर्शकमाझ प्रस्तुत गर्छ', उनले भने।

चलचित्रको अधिकांश दृश्यमा अभिनेता नाजिर हुसेन र अभिनेत्री सृष्टि श्रेष्ठलाई देखाइएको छ। उनले दुई मात्रको मनोविज्ञान र रहनसहनले दुई भिन्न समुदायको प्रतिनिधित्व गर्ने निर्देशक गौचनले जानकारी दिए। चलचित्रमा अभिनेता हुसेन राम र अभिनेत्री श्रेष्ठले सीताको भूमिका निर्वाह गरेकी छन्। उनीहरू दुवैले पात्रलाई जीवन्त बनाएको प्रतिक्रिया उक्त प्रदर्शनीमा चलचित्रकर्मीले दिए।

चलचित्रमा सञ्जय गुप्ता, रामनारायण ठाकुर, मदन ठाकुर, रिना रिमाल, कौसल्या ठाकुर, ललितादेवी मिश्र, रुपेश मण्डल, सुदीप पटेल, अनिल कुर्मी, मनोज शाह, अर्जुन पोखरेल, ओमप्रकाश कर्णलगायत कलाकारले अभिनय गरेका छन्।

# 'तान्डवम्'को टिजर सार्वजनिक



**काठमाडौं/मस–** कलरिष्ट जुनिम गहतराजको निर्देशनमा निर्माण भएको चलचित्र 'तान्डवम्'को टिजर सार्वजनिक भएको छ। शुक्रबार सार्वजनिक भएको ५७ सकेण्ड लामो टिजरले चलचित्रको कथाका बारेमा प्रकाश पार्न खोजेको छ।

चलचित्रका मुख्य कलाकार अंकित खड्काको संवादबाट सुरु हुने टिजर निर्देशक समेत रहेको अभिनेता जुनिमको 'भगवान पनि मै हुँ, राक्षस पनि मै हुँ' संवादसँगै अन्त्य गरिएको छ।

जसले चलचित्रप्रति दर्शकमाझ कौतुहल्ता पैदा गर्ने देखिन्छ। चलचित्रको डार्क थिममा तयार पारिएको टिजरमा सबै प्रमुख पात्रलाई स्थान दिइएको छ।

महाशिवरात्रीको अवसर पारेर फगुन ९ गतेबाट प्रदर्शनमा आउन लागेको चलचित्रमा अंकित र जुनिमसँगै पुष्कर गुरुङ, प्रेम सुब्बा, सरिना मगर, अनोज पाण्डे, कमल कार्की र गोपाल कटुवालको अभिनय रहेको छ।

चलचित्रले एक नवविवाहित जोडी जो आफ्नो पहिलो सन्तानको स्वागतको तयारी गरिरहँदा उनीहरुको जीवनमा घट्ने अकल्पनिय घटनाले निम्त्याउने उतारचढावको कथालाई पारिवारिक तथा एक्सन थ्रिलर जनरामा प्रस्तुत गरिएको छ।

सिंहदेवी प्रोडक्सनले भिजुयल आर्ट्स स्टुडियोको सहकार्यमा निर्माण भएको चलचित्रका निर्माता धनकुमारी गहतराज, सविना मगर र मनिष गौतम हुन्। हरि घले लामाले खिचेको चलचित्रमा सम्राट बस्नेतको एक्सन निर्देशन, सुशान्त गौतमको संगीत र कोबिद बज्रको ब्यागग्राउण्ड म्युजिक रहेको छ। चलचित्रको कथा, पटकथा तथा संवाद अनिरुद्ध आत्रेय र हुसेनले लेखेका हुन्।

## Koshi Rural Municipality
## Office of Rural Municipal Executive

Laukahi, Sunsari
Koshi Province, Nepal

### Letter of Intent to award the contract

**Date of Publication: January 25, 2025 (2081/10/12)**

This is to notify all concern bidders that, it is our intention to award the contract for execution of following project to the following lowest evaluated substantially responsive bidder. Corresponding lowest evaluated substantially responsive bid is selected in accordance with ITB 22 & 24.1 of bidding document and this notice is published as per PPA, 2063 clause 27.2.

| Name of Project | Contract ID | Name and Address of Qualified Bidder | Bid Amount (with VAT) |
|---|---|---|---|
| Procurement and Supply of Medicines and Surgical Items. | 01/KOSHI/SQ/GO/2081-082 | Life Line Drop Pvt. Ltd., Mahalaxmi -4, Lalitpur | 6,73,509.13 |
| Procurement, Supply and Delivery of Sanitary Pads. | 03/KOSHI/SQ/GO/2081-082 | Krishna Suppliers, Inarwa-1, Sunsari | 17,00,085.00 |

**Chief Administrative Officer**

## मधेश प्रदेश सरकार
## भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
## कृषि विकास निर्देशनालय
## बाली संरक्षण प्रयोगशाला
सिरहा

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८१/१०/१२)**

यस कार्यालयले देहायको योजना निर्माण गर्न प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना भए बोलपत्रहरुको मूल्यांकन गर्दा तपशिल बमोजिमको बोलपत्रदाता न्यूनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतीको लागि सिफारिस भई आएकोमा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को प्रयोजनार्थ बोलपत्र पेश गर्ने सम्बद्ध सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| त्र.स. | योजनाको नाम | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक भ्याट र पी एस समेत |
|---|---|---|---|
| 1. | Construction of office building 01/works/NCB-01/081/82 | Santoshi Nirman Sewa Siraha -7 | NRs 59,18,112.49 |

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः कमलपोखरी, काठमाडौं, फोनः **०१–५३२६३६६, ०१–५३२८२९८**, ई-मेलः **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रकः** एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**